# धर्मकीर्ति

धर्मकीर्ति
The Dharmakirti

बु.सं. २५६५, गुं पुन्हि

वर्ष: ३९, अङ्क: ५




**अभिधर्मको महत्त्व बारे केही विश्लेषण गर्नुहुँदै**
**भिक्षुणी धम्मवती गुरूमां**

# भिक्षुणी धम्मवती गुरुमांको ८८ औं शुभजन्मोत्सवमा साप्ताहिक अभिधर्म पाठको दृश्यहरू–१



धम्मसङ्गिनी पाठ गर्नुहुँदै भिक्षु संघ



विभङ्ग पाठ गर्नुहुँदै भिक्षुसंघ



धातुकथा पाठ गर्नुहुँदै भिक्षु संघ



पुगल पञ्ञति पाठ गर्नुहुँदै भिक्षु संघ



कथावत्थु पाठ गर्नुहुँदै भिक्षु संघ



यमक पाठ गर्नुहुँदै भिक्षु संघ

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ५३५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापक*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

बुद्ध सम्बत् २५६५

नेपाल सम्बत् ११४१

इस्वी सम्बत् २०२१

बिक्रम सम्बत् २०७८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. १०/- | |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**22nd AUGUST 2021**

| वर्ष- ३९ | अङ्क- ५ | गुंपुन्हि | भाद्र २०७८ |
|---|---|---|---|


सुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु असंवुतं
भोजनम्हि च अमतञ्ञुं – कुसीतं हीनवीरियं
तं वे पसहति मारो – वातो रूक्खं ‘व दुब्बलं

**शुभ बाालाःधकाः भाःपा अज्ञान दृष्टिं स्वयाज्वीम्हसित, इन्द्रिय दमन मदुम्हसित, नय्‌गुली मात्राछि ज्ञान मदुम्हसित, आलसीम्ह, वीर्य मदुम्हसित, बमलाःगु सिमायात फसं कोथइगु थे मारं कोथई ।**

**पञ्चकाम सुखको इच्छा राखी शुभ र राम्रो ठान्दै अज्ञान दृष्टिले हेर्ने बानी भएका व्यक्ति जसको इन्द्रिय दमन गर्ने बानी छैन, मात्रा मिलाएर खाना खाने ज्ञान छैन, अलसी र वीर्य रहित उक्त व्यक्तिलाई कमजोड रूखलाई बतासले सजिलै ढाले जस्तै मारले ढाल्नेछ ।**

Just as the strong wind uproots a feeble tree, so Mara Overwhelms the man who lives only in pursuit of pleasure, who does not control his senses, who knows not how to moderate his appetite, who is lazy and wastes his energies.

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - वर्षावास | – | ३ |
| ३) | जस्तो बीउ त्यस्तै फल | – | ४ |
| ४) | मेरो एक पुरानो र मीठो सम्झना | – ताराकेशरी ढुंगाना | ७ |
| ५) | मनूतयूके मानवता मन्त | – अमीर कुमारी शाक्य | ८ |
| ६) | सुखबिहारी जातक | – प्रकाश बज्राचार्य | ९ |
| ७) | शाक्य वंशको उत्पत्ति | – भुवनलाल प्रधान | ११ |
| ८) | अनन्त ज्योति–३ | – अनु. देवकाजी शाक्य | १५ |
| ९) | लोक नीति | – अनु. भिक्षु अनिरुद्र | १६ |
| १०) | धन्य खः सिद्धार्थ | – माधवी गुरुमां | १७ |
| 11) | The Crane and the Crab | – Ed. Francis and Thomas | 18 |
| १४) | भिक्षुणी धम्मवती गुरुमांको ८८ औं शुभजन्मोत्सव | – | २३ |


## लेखक, पाठक एवं ग्राहक वर्गहरूमा हार्दिक अनुरोध

- ‘धर्मकीर्ति’ पत्रिका प्रत्येक पूर्णिमाको दिन प्रकाशन हुनेछ ।
- धर्मकीर्ति पत्रिकाको लागि नेपालभाषा, नेपाली तथा अंग्रेजी भाषामा बुद्ध शिक्षा, बौद्ध सँस्कृती एवं दर्शन र यस सम्बन्धी अनुसन्धानात्मक लेख, नैतिक शिक्षालेयुक्त सामाजिक लेख, रचनाहरू कथा एवं कविताहरू सम्प्रेषण गरी सहयोग गरिदिनु होला ।
- समाचारमूलक बौद्ध गतिविधिहरू एवं माथि उल्लेखित लेखहरू e-mail वा हुलाकबाट समयमा नै उपलब्ध गरी सहयोग गरिदिनुहोला ।
- पत्रिकामा प्रकाशित लेख, रचना आदिको सम्पूर्ण जिम्मेवार लेखक स्वयं हुनेछ ।
- तपाईंले आफ्नो पसल, उद्योग, ब्यापार एवं कार्यालय आदिको विज्ञापन दाता बनी आ-आफ्नो व्यवसायको प्रचार तथा बुद्ध शिक्षा प्रतिको श्रद्धा प्रस्तुत गरी धर्मकीर्ति पत्रिकालाई सहयोग गर्नसक्नु हुनेछ ।
- धर्मकीर्तिलाई तपाईंको सहयोगको आवश्यकता छ । तपाईंहरूको प्रत्येक सहयोग यस पत्रिकाको लागि ठूलो आधार हुनेछ ।
- त्यसैले तपाईं आफू ग्राहक बनी अरूलाई पनि ग्राहक बनाउनुहोस् ।
- हामी तपाईंको स्वस्थ प्रतिकृयाको स्वागत गर्छौं ।
- समयमा नै लेख, रचना आदि प्रकाशनको लागि र सल्लाह सुझाव प्रस्तुत गर्नको लागि gurumawiryawati@gmail.com / subhawati26@gmail.com मा e-mail गर्न सकिने छ ।

**धर्मकीर्ति विहार परिवार**

फोन नं. ५३५९४६६

## ▪ सम्पादकीय ▪

# वर्षावास

"वर्षावास बस्ने" नियम बुद्धकालिन समयदेखि नै चलि आएको नियम हो। बुद्धकालिन समय देखि भगवान् बुद्धका शिष्यहरू (भिक्षु, भिक्षुणी) आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमासम्म गरी तीन महिना आफूलाई अनुकूल मिल्ने एक विहारमा रही अन्य कतै बास नबस्ने चलन छ। यसलाई वर्षावास बस्ने भनियो।

सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गरी बुद्ध हुनुभएपछि २० वर्षसम्म पनि वर्षावास बस्नुपर्ने नियम बनाउनु भएको थिएन। उहाँले जति पनि नियमहरू बनाउनु भयो, ती सबै समयको माग अनुसार, विभिन्न घटनाहरूले उब्जाएका समस्याहरू समाधान गर्नको लागि नियमहरू बनाउनु भएको देखिन्छ। समस्या बिना नै पहिले नै अनावश्यक नियम लाद्ने बानी भगवान् बुद्धमा देखिंदैन। त्यसैले हामी भन्न सक्छौं, भगवान् बुद्ध थानाथान कोशल ज्ञानले सम्पन्न हुनुहुन्छ। पछि बनाउनु भएका विभिन्न नियमहरू मध्ये वर्षावास बस्नुपर्ने नियम पनि एक हो।

वर्षायाममा धेरै पानी पर्ने झरीको मौसम भएको कारणले भिक्षु भिक्षुणीहरू भिक्षाटन जाँदा, धर्मप्रचारार्थ टाढा टाढा जाँदा, खेतका आली आलीबाट जानु पर्थ्यो। हरिया घाँसहरू कुल्चँदै, पानीले रुझ्दै जानुपर्थ्यो। फलस्वरुप धान बाली बिग्रिने डर हुन्थ्यो। वर्षायाममा माटोबाट निस्किने कतिपय कीराहरू कुल्चिएर मर्न थाले। यस्तो घटनाले गर्दा कतिपय मानिसहरूले उहाँहरूलाई अपवाद लगाउन थाले। त्यतिमात्र होइन झरीमा रुझ्नुपर्दा भिक्षु भिक्षुणीहरू बिरामी पर्न थाले। त्यो बेला अहिले जस्तै यातायात साधनको सुविधा पनि थिएन। बाटो घाटो पक्की थिएन। यस्तो प्रतिकूल अवस्थालाई मध्य नजर राखी भगवान् बुद्धले यस समस्या समाधानार्थ आफ्ना शिष्यहरूलाई वर्षावास ३ महिना (आषाढ पूर्णिमा देखि आश्विन पूर्णिमा सम्म) कुनै एक निश्चित विहारमा नै रहनुपर्ने नियम बनाउनु भयो। यसलाई वर्षावास बस्ने भन्ने गरियो।

वर्षावास बस्ने दिन उहाँहरूले अधिष्ठान नै गर्नुपर्ने हुन्छ। ३ महिनासम्म यस विहारमा रहनेछु भनेर। त्यसैले उहाँहरूको लागि खाना लगायत अन्य अत्यावश्यक चीजहरूको व्यवस्था दाताहरूद्वारा परिपूर्ति गरी पुण्य सञ्चय गरिन्छ।

यदि यो ३ महिना भित्र कुनै विशेष काम आइपऱ्यो, उदाहरणको लागि आफ्नै आमा बुबा बिरामी परेमा अर्थात् आमा बुबाको कार्यको लागि र बुद्ध शासनको कार्यको लागि नगई नहुने कार्य परेमा जान मिल्छ। तर ७ दिनको अवधि भित्र वर्षावास बसेको विहारमा अनिवार्य फर्किनुपर्ने हुन्छ। फर्किन सकिएन भने अधिष्ठान स्वतः रद्द हुनेछ।

यदि असार पूर्णिमाको दिन वर्षावास बस्न पाइएन भने उक्त व्यक्ति श्रावण पूर्णिमाको दिन भए पनि आएर वर्षावासको अधिष्ठान गर्न मिल्छ। तर उनको वर्षावास कार्तिक पूर्णिमाको दिनमा मात्र समाप्त हुनेछ।

यसरी भगवान् बुद्धले आफ्ना शिष्यहरूको सुविधालाई मध्य नजर राखी बुद्ध शासन चीरस्थायी गर्नका लागि र उपासकोपासिकाहरूको पनि हीतोपकार ख्याल गरी कसैलाई अप्ठ्यारो नपर्ने गरी सबैको भलो चिताई नियमहरू बनाउने गर्नुहुन्छ।

वर्षावास बस्दा तल उल्लेखित फाइदाहरू प्राप्त भएको देखिन्छ –

१) पानीमा रुझेर बिरामी परिएन।
२) वर्षावास ३ महिना अवधिभर गुरु वा विद्वान्वर्गसंग रही बुद्ध शिक्षा अध्ययन र अध्यापन गर्ने मौका प्राप्त।
३) ध्यान भावनाको अभ्यास गर्ने मौका प्राप्त।
४) वर्षावास बसेको स्थानका उपासक उपासिकाहरूलाई धर्मोपदेश गरी बुद्ध शिक्षा सिकाउने मौका प्राप्त।
५) वर्षायाममा खेतबारीबाट हिंड्न नपरेको कारणले बाली नाली बिग्रिने र कीराहरू कुल्चिएर मर्ने समस्या हटिने।

यसरी यस घटनाले प्रष्ट पारिरहेको छ, भगवान् बुद्ध दूरदर्शी, समयानुकूल नियमहरूलाई लचिलो बनाउँदै सजिलै समस्या समाधान गर्न पोख्त आदर्शमय गुण सम्पन्न हुनुहुन्छ। उहाँले बनाउनु भएको नीति नियमहरू प्राकृतीक गुणले भरपूर भएको कारणले २६०० वर्ष अगाडिको नियम हालसम्म पनि त्यत्तिकै लाभकारी, उपकारी रहेको देखिन्छ।

# जस्तो बीउ त्यस्तै फल

बोधिसत्व राजकुमार सिद्धार्थ गौतमको जन्म राजदरबारमा नभएर एउटा रूखमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशको मुनि भयो; जो व्यक्ति पछि सम्यक सम्बुद्ध हुनुभयो, अरहन्त हुनुभयो, वीतराग हुनुभयो, वीतद्वेष हुनुभयो, वीतमोह हुनुभयो, भवमुक्त हुनुभयो। उहाँले सत्यको खोजी गर्न, धर्मको खोजी गर्न पनि छ वर्षसम्म अँध्यारो गुफाहरूमा, वनका भित्र-भित्र ठाउँमा तपस्या गर्दै रहे। जब सम्यक-सम्बोधि प्राप्त भयो तब एउटा वृक्षमुनि, खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि बस्न थाल्नुभयो।

सम्यक सम्बोधि प्राप्त भएपछि संसारका दुःखी व्यक्तिहरू प्रति करुणा जाग्यो। समाजमा धर्मको नाममा जुन कर्मकाण्ड प्रचलित थियो मानिसहरू त्यही सम्प्रदायिक जञ्जालमा यस्तरी अल्झिएका थिए, भित्र-भित्र दार्शनिक मान्यतामा अल्झिएका थिए। धर्मको नाममा शरीरलाई यातना दिने, दुःख दिने काममा लागेका थिए। यी कार्यहरू धर्मबाट कोसौं टाढा थियो।

यस्तो देखेर उहाँको मनमा करुणा जाग्यो, पहिलो पटक शुद्ध धर्म संसारमा वितरण गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा खुल्ला आकाशमुनि, रूखमुनि बसेर धर्मचक्र प्रवर्तन गर्नुभयो। अस्सी वर्षको पाकेको उमेरमा प्राण त्याग गर्नुभयो; त्यो पनि खुल्ला प्रकृतिमा, खुल्ला आकाशमुनि एउटा रूखमुनि रहेर। उहाँको जीवनको यी चारवटा महत्त्वपूर्ण घटना खुल्ला प्रकृतिमा नै भयो। त्यसैले उहाँले प्रकृतिको नियमलाई बुद्धिद्वारा र अभ्यासद्वारा खुब बुझ्नुभयो। बुद्धिद्वारा सत्यलाई जतिसुकै बुझे पनि त्यो व्यक्ति सम्यक सम्बुद्ध हुन सक्दैन। यसको लागि त आफूभित्रको सत्यलाई थाहा पाउनुपर्छ; तब मात्र आफूभित्रको विकारलाई निकालेर सम्यक सम्बुद्ध बन्दछ।

यो प्रकृतिको नियमलाई थाहा पाउनु भनेकै धर्मलाई थाहा पाउनु हो, शुद्ध धर्मलाई जान्नु हो। प्रज्ञाद्वारा आफूभित्र हेरियो भने थाहा हुन्छ कि प्रतिक्षण भित्र केही न केही भइरहेछ; जस्तो कि बाहिरी संसारमा पनि केही न केही प्रतिक्षण बदलिरहेको छ। केही बनिरहेको छ र केही समयपछि नष्ट भइरहेको छ। यो क्रम अटूट रूपमा भइरहेको छ। त्यस समयको भाषामा यस प्रक्रियालाई 'भव' भनिन्थ्यो अर्थात् प्रतिक्षण केही भइरहेको छ। यो प्रक्रिया सजीवमा पनि निरन्तर चलिरहन्छ; त्यस्तै निर्जीव वस्तुमा पनि चलिरहन्छ। त्यसै कारण त यी वस्तुहरू समय आएपछि जीर्ण हुन्छन्, नष्ट हुन्छन्। यही त जीवनधारा हो, यही त भव संसरण हो। बन्छ फेरि बिग्रिन्छ, बन्छ फेरि नष्ट हुन्छ। जन्मिन्छ, मरण हुन्छ। कस्तो प्रवाह चलिरहेको ? जति पनि बनिन्छ ती बिनाकारण हुँदैन, त्यसको पछाडि कुनै न कुनै कारण छ; त्यसैले त नयाँ परिणाम आयो। कारण-परिणाम, बिनाकारण केही हुँदैहुँदैन। फेरि अघि बढ्यो भने थाहा हुन्छ कि एउटा कारणबाट जुन परिणाम आयो, त्यो परिणाम फेरि अर्कोको कारण बन्दछ। बीउबाट फल बन्दछ, फेरि फलबाट बीउ पैदा हुन्छ। यसरी यसको चक्र चलिरहन्छ, भव-संसरण भइरहन्छ।

संसारमा जति पनि क्रियाकलाप हुन्छन् त्यसको कुनै न कुनै कारण हुन्छ। झ्वाट्ट हेर्दा फल रूखबाट आएको अथवा रूखमा फलेको झैं लाग्छ, तर अलि गहिरिएर सोच्यो भने थाहा हुन्छ कि फल त बीउबाट आएको हो। बीउ नभई फल आउँदैन, फल छ भने त्यसमा बीउ पनि अवश्य हुन्छ, फेरि त्यही बीउ ठूलो भएपछि फल दिन्छ। यसरी यो सारा प्रपञ्च चलिरहेको छ, यो भवचक्र चलिरहेको छ। विपश्यी साधकले यो कुरालाई राम्ररी जान्न थाल्छ, यो प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा पाउँछ। बाहिरको संसारमा यी बोट-बिरुवाको संसारमा पनि जस्तो बीउ छ त्यस्तै फल आउँछ। त्यस्तै शरीरभित्रको संसारमा पनि जस्तो कर्मको बीउ छ त्यस्तै फल पाउँछ। यस नियमलाई कसैले पनि रोक्न सक्दैन, फेरबदल गर्न सक्दैन। जस्तो बीउ छ त्यस्तै फल आउँछ।

हामीले एकै खालको जमिनमा दुई प्रकारको बीउ रोप्यौं– एउटा बीउ उखूको छ र अर्को बीउ नीमको छ। एकै खालको माटो, त्यही हावा, त्यही घाम, त्यही पानी तर उखूको बीउबाट उखू नै उम्रिन्छ, त्यस्तै नीमबाट नीम नै उम्रिन्छ। यहाँ कसैले केही गरेको छैन। यहाँ कोही महात्मा-परमात्मा कसैले केही गरेको छैन। तर किन यस्तो भयो उखूमा उखू फल्यो जुन अत्यन्त गुलियो

भयो । नीममा नीम उम्रियो जुन अत्यन्त तीतो भयो । यहाँ कुनै भगवान्को कृपाले उखू गुलियो भएको होइन; त्यस्तै भगवान् रिसाएकोले नीम तीतो भएको पनि होइन । प्रकृतिको नियम नै त्यस्तै कि जुन बीउको जस्तो स्वभाव-गुण छ त्यस्तै स्वभाव-गुण फलमा पनि आउँछ । यहाँ कसैले केही गर्नुपर्दैन ।

बीउ रोप्ने समयमा होश गर्नु कि यदि मिठो फल मनपर्छ भने नीमको बीउ नरोप्नु, तीतो फल आएपछि रोएर-कराएर के फाइदा ? जतिसुकै रोए पनि अथवा जीवनभर रोए पनि जस्तो बीउ हो त्यस्तै फल आउँछ त्यसमा हेरफेर हुँदैन । पछि रुनुको साटो बीउ रोप्दा होश गर्नुपर्‍यो कि कतै नमिठो फल आउने बीउ त परेन । नमिठो फल आइसकेपछि अरूलाई हारगुहार मागेर हुँदैन, कुनै देवी-देवताको पूजा गरेर हुँदैन, ग्रह-दोष भनेर भाकल गरेर हुँदैन ।

यो प्रकृतिको नियम हो । यो नियम सबैका लागि समान छ । बीउ रोप्ने व्यक्तिअनुसार फल आउँदैन, कुनै वर्गका लागि फरक नियम हुँदैन । तीतो बीउबाट तीतै फल आउँछ, मीठो बीउबाट मीठै फल आउँछ । जुनसुकै जात-जातीका मान्छे अथवा जुनसुकै रहन-सहनका मान्छे अथवा जुनसुकै देशका मान्छेले रोपे पनि उखू मीठो नै हुनेछ, यस नियममा केही हेरफेर हुँदैन ।

कसैलाई यस्तो पनि लाग्ला कि म माथि कसैको कृपा भएको कारण मैले मीठो फल पाएको छु । यस्तो कृपाले केही भएको होइन, अन्यथा संसारमा सबैले मीठो-राम्रो मात्रै पाउने थियो, आफ्ना इच्छाअनुसार रमाउने नै थिए, सबैका इच्छाहरू पूरा हुने थिए । प्रार्थना त सबै गर्छन्; तर फल सबैले त्यही पाउँदैनन् किन ? यसलाई बुझौँ, कहाँ अल्झिएको छ ? आफ्नो कर्म सुधार्नतिर लागौँ । जस्तो मेरो कर्म त्यस्तै फल । हामी दुष्कर्म नै दुष्कर्म गरौँ र फेरि आशा गरौँ कि कसैले कृपा गरिहाल्छ । हजार दुष्कर्म गरे पनि मलाई अदृश्य शक्तिको कृपाको कारण राम्रो फल प्राप्त अवश्य हुन्छ भन्न थाल्यौँ भने जीवन डुब्यो । शुद्ध धर्म समाजबाट विलुप्त हुनुको कारण नै यही हो कि धर्मको शुद्ध स्वरूपलाई भुल्दछ । शील पालन गर्नु, मनलाई वशमा पार्नु, प्रज्ञाद्वारा चित्तलाई निर्मल पार्नु यी सत्कर्म हुन् । यस्तो गर्ने व्यक्तिले दुष्कर्म गर्नै सक्दैन र असल फल नै प्राप्त हुन्छ । शील पालन गरेन, मन वशमा राखेन, मन निर्मल गरेन भने जुन कर्म गरे तापनि दुष्कर्म हुन जान्छ र त्यसको दुष्फल नै आउँछ । यो कुरालाई जति छिटो बुझ्यो त्यति फाइदा हुन्छ र उसले त्यति छिटो शुद्ध धर्मलाई बुझ्दछ । अब बुझ्दछ कि म दुष्कर्म गर्दिन, म तीतो बीउ रोप्दिन किनकि मलाई नमिठो मन पर्दैन ।

आफूलाई मीठो फल चाहिन्छ भने बीउ रोप्दा होशियार हुनुपर्‍यो, यो त एकदम सही कुरा हो । आफूबाट त्यस्तो कुनै कर्म नहोस् जसबाट पछि आफूलाई हानिकारक हुन्छ, कष्टदायक हुन्छ । खूब होस् हुन थाल्छ, खूब सजग बन्न थाल्छ । उसले चाहे आफूलाई हिन्दू, बौद्ध, सिख, इसाई, अथवा जेसुकै भन आफू धार्मिक हुने भयो । अब दुष्कर्म गर्नबाट बच्ने भयो, सत्कर्म गरिने भयो । आफ्नो भलाईको काम गर्ने भयो र अरूको भलाईको सहायक हुने काम गर्ने भयो । सारा वातावरण धर्म-तरङ्गले भरिने भयो । धर्मको यो शुद्ध रूप जुन सबैका लागि उपयोगी छन्, जुन प्रत्येक व्यक्तिको हीतमा छ, जुन हरहमेसा गर्न सकिने हो र त्यत्तिकै फाइदाजनक छ, यसलाई बुझेर आफूले अपनाउनुपर्छ । यसबाट जीवन जिउने तरिका बदलिने छ । एक जनाले अपनायो भने एक जना स्वस्थ हुनेछ, सुखी हुनेछ । त्यस्तै एक-एक जना गरेर सारा समाज स्वस्थ हुनेछ, सुखी हुनेछ । जति सक्दो छिटो यो कुरालाई बुझियो, स्वीकार गरेर आफ्नो जीवनमा लागु गर्‍यो, जीवनमा मीठो फल पनि त्यति नै छिटो आउँछ । यसलाई बुझेन भने भट्कियो ।

भगवान्को जीवनकालको एउटा घटना– एक जना व्यक्ति भगवान्लाई भेट्न आए । उनको बुबाको परलोक भएको थियो । दुःखी बिचरा, भगवान्द्वारा आफ्नो पिताको लागि केही गराउन चाहन्थ्यो । अन्य सानातिना पूजारीहरू कर्मकाण्ड गरेर परलोक भइसकेका व्यक्तिको सद्गति, मुक्ति दिलाउने प्रथा समाजमा थियो । अब उहाँ त भगवान् सम्यक सम्बुद्ध, सर्वशक्तिमान्, महाकारुणिक, अरूभन्दा अति विशिष्ट, उहाँले केही गरिदिनुभयो भने त परलोक भएका व्यक्तिको सद्गति त अवश्य हुनेछ; भगवान्लाई बिन्ती गर्न थाले ।

भगवान्ले उनलाई सम्झाउनुभयो, “होइन भाइ ! तिमीले यो प्रकृतिको नियमलाई बुझ्नु । प्रत्येक व्यक्ति आफ्नो कर्म आफैंले बनाउँछ र त्यसको फल पनि आफैंले भोग्दछ, अरूले के गर्न सक्छ र ?” तर त्यो व्यक्तिले

यो कुरा बुझेन । भगवान्ले दुईवटा घैंटो मगाउनुभयो । भगवान्ले उनको बुबाको लागि केही गरिने भयो भनेर अति खुसी भए । भगवान्ले एउटा घैंटोमा घ्यू भर्न दिनुभयो र अर्कोमा ढुङ्गाका गोटी भर्न दिनुभयो । दुइटैको मुख बन्द गर्न लगाई पोखरीमा राख्न दिनुभयो । दुईटै घैंटा आ-आफ्नो तौल अनुसार पानीमा डुबे । अब लट्ठीले हानेर त्यसलाई फोड्न लगाउनुभयो । विचरा त्यो व्यक्ति आफ्नो बुबाको सद्गतिको लागि अत्यन्त व्याकूल, अब बुबाले स्वर्गमा वास पाउने भयो भनेर अत्यन्त प्रशन्न हुँदै भगवान्को निर्देशनअनुसार काम गर्दै थिए । घैंटा फुटेपछि घ्यू पानीमा उत्रियो, गोटी पानीमा डुब्यो । अब, भगवान्ले भन्नुभयो, “तिमी यहाँ प्रार्थना गर्नु कि ‘ए घ्यू ! तल जानु, तल जानु । ए गोटी ! पानीमाथि आउनु, माथि आउनु ।”

“भगवान् तपाईं मलाई जिस्क्याउँदै हुनुहुन्छ । यो कसरी हुन्छ कि यो गह्रुङ्गो वस्तु पानीमाथि कसरी आउँछ, हलुको घ्यू कसरी पानीमा डुब्छ । यो प्रकृतिको नियम हो– गोटी जुन पानीभन्दा गह्रुङ्गो छ पानीमा तैरिन सक्दैन, त्यसैले पिंढमा रहन्छ । त्यस्तै घ्यू पानीभन्दा हलुको छ त्यो पानीमा तैरिन्छ, यो तल जान सक्दैन ।”

भगवान्ले सम्झाउनुहुँदै भन्नुभयो, “ठीक त्यस्तै कोही व्यक्ति जीवनभर कङ्कड-पत्थरझैं काम गर्छ भने त्यो तल नै जानेछ, उसलाई कसले माथि ल्याउन सक्छ ? त्यस्तै सारा जीवन हल्का हुने घ्यूझैं काम गर्छ भने माथि नै रहन्छ, कसरी तल जान्छ ? उसको सद्गति नै हुन्छ । कसले उसको खुट्टा तान्छ र ? कर्म र फलको बीचमा अरू कसैले छेक्न सक्दैन, बाधा गर्न सक्दैन । जस्तो कर्म त्यस्तै फल आउँछ, जस्तो कर्म त्यस्तै फल आउँछ ।”

यदि हामीलाई कसैले यस्तो कर्मकाण्ड गर्‍यो भने तिम्रो पाप नाश हुन्छ; यस्तो दार्शनिक मान्यता मान्यो भने तिम्रो कुकर्मको फल क्षीण हुन्छ; कुनै पर्व, उत्सव, तिर्थ गरेमा अथवा ब्रत-उपवास गरेमा पाप सकिन्छ भनेर हामी त्यसको पछि-पछि लाग्यो भने सत्कर्म गर्ने काम किन गर्नुपर्‍यो र ? कोही व्यक्ति आफ्नो कर्म सुधार्ने काम नै किन गर्छ ? शुद्ध धर्म धारण गर्ने काम नै किन गर्छ ?

जुन दिन यो दुष्कर्म गर्नाले मैले दुष्फल पाउँछु, यसबाट मलाई कसैले बचाउँदैन भन्ने बुझ्छ, उसले त्यस दिन दुष्कर्म गर्नबाट आफूलाई बचाउँछ । हरेक कर्म गर्दा सजग रहन्छ, आफूले कस्तो बीउ रोपिरहेको छ ? त्यस्तै जुन दिन सत्कर्म गर्नाले सत्फल पाउँछु भन्ने ज्ञान जाग्छ, तब सुकर्म गर्ने कामतिर सजग हुन्छ, मैले कस्तो बीउ रोपिरहेको छु, खूब सजग हुन्छ । बीउ रोप्ने समय सजग रह्यो भने फलको चिन्ता नै गर्नुपरेन । राम्रो-असल बीउ रोपेको छ भने असल फल अवश्य नै आउँछ । असल कर्म गरेको छ भने फल पनि अवश्य असल नै आउँछ ।

धर्मको यस्तो सरल कुरा, यति सीधा कुरा । यसलाई किन गहन बनायो, हामी कहाँ फस्यौं । शुद्ध धर्म सबैले बुझुन् । सत्कर्म गर्नतिर लाग्नु, दुष्कर्म गर्नबाट बच्नु । आफ्नो मङ्गल हुने काम पनि गर्नु, अरूको मङ्गल हुने काममा पनि सहायक हुन सकौं । शुद्ध धर्म जजसले धारण गर्छ उनको मङ्गल हुनेछ, उनको कल्याण हुनेछ, उनको स्वस्ति हुनेछ, मुक्ति हुनेछ । ■

*(साभार : ‘विपश्यना’ पत्रिका, २०७५ बैशाख, वर्ष ३५, अङ्क १)*

## The Aphorisms of Ashin Janakabhi Vamsa

**(1) SELF LOVE**

It is true that man loves himself more than he loves others his close relations and members of his family may not have been intimately associated in previous existences, but he "I" (self) has been with him all along the cycle of existences.

**(2) MAN AND ANIMAL**

Naturally, man has more benefit from good deeds than animals, and in the case of doing bad deeds, man surpasses animals.

**(3) MAN OF MORALS**

A man of high morals
Perform his duties
As a human being while
He is alive;
And leaves the world
With courage.

**(4) MODERATION**

If you are too soft
You may be insulted
If you are too tough,
You may make many enemies.
It is better to he have moderately.

**(5) THINK SERIOUSLY**

Now think about this.
Death comes
To the old and the young alike;
So what shall we do ?
Think about this seriously.

**(6) LOVE**

Loving others is in fact, Loving yourself.

# मेरो एक पुरानो र मीठो सम्झना



**– ताराकेशरी ढुंगाना**

मेरो यो एक पुरानो एवं मीठो सम्झना यस लेख मार्फत पोख्न गइरहेकी छु। म सानै छँदा जुन बेला म स्कूलमा अध्ययन गर्दै थिएँ। गर्मीको समयमा स्कुल पनि विहानको थियो। मेरो घरबाट स्कुल त्यति टाढा पनि थिएन। त्यसैले पैदल हिंडेर नै स्कुल जाने गर्थे। त्यो बेला अहिले जस्तै मोबाइल, भिडियोबाट मनोरञ्जन लिने मौका थिएन। रेडियो मार्फत गीत सुनिन्थ्यो। स्कुलको गृहकार्य सिद्धाएर घरकै कार्यहरू गरिन्थ्यो। सिलाई बुनाई काम पनि सिकिन्थ्यो।

एक दिन शनिवार मेरी फुपूले बिहानै स्वयम्भू जाऔं भनेर सबेरै उठाउनु भयो। हप्ताभरी दिनहुँ बिहान सबेरै उठेर स्कुल जानु पर्थ्यो। शनिवार विदाको दिनमा अबेला सम्म सुत्न पाए कति हुन्थ्यो जस्तो लागिरहेको थियो। फुपूले भन्नुभएको कारण मन नलागे पनि हामी सबै दिदी बहिनीहरू स्वयम्भू जान तयार भयौं। झिसमिसे उज्यालोमा घरबाट बाहिरियौ। जानुथियो स्वयम्भूमा त्यो पनि हिंडेर।

हामी जान लागेको स्थान थियो स्वयम्भूको किम्डोल विहारमा। त्यहाँ बिहान बुद्धपूजा, जलपान र भोजन सकाएर मात्रै फर्किने कार्यक्रम थियो त्यो दिन। हामी दिदी बहिनी ३ जना र फुपू १ जना थियौं।

घर बाहिर त सीतल हावा चलिरहेकोले रमाइलै लाग्यो। बाटो हिंडेको चाल नै पाएनौं। बाटोमा अरुपनि धेरै मानिसहरु हिंडिरहेका थिए। वसन्त ऋतुको समय भएकोले वातावरण एकदम रमाइलो देखिन्थ्यो। चारैतिर हरियाली, चराचुरुङ्गीहरुको मधूरो आवाजले हामीलाई मनमोहक नै बनाइदिएको थियो। बाटोको माथि माथि चारैतर्फ गौंठलीहरु लाइन लागेर बसिरहेका र उनीहरुको भाषामा कराइरहेका थिए।

हामी हिंडदै गएर छाउनीको व्यारेकमा आइपुग्यौं। यो किम्डोलको पछाडीको बाटो पर्‍यो। हामी वाध्य भएर टाढाको बाटोबाट जानु परेको थियो। किनभने त्यो बेला सैनिकहरुको परेड गर्ने वा Practice गर्ने बेला परेछ। त्यसदिन सैनिकहरुले तारो हान्ने प्रशिक्षण दिइरहेको थियो। आजभोली त यो कार्य अन्त नै सारिसकेको छ।

लामो बाटो पार गरी हामी सबै किम्डोल विहारमा पुग्यौं। विहारमा हामी फुपूका अरू साथीहरूपनि आइपुग्नु भएका थिए। हामीलाई देखेर विहारमा रहनुभएका प्रव्रजित गुरूमांहरु खुशी हुनुभयो। हाल उक्त विहारलाई निर्वाणपूर्ति किम्डोल विहार भन्ने गरिन्छ।

बिहान जलपान पछि बुद्ध पूजा कार्यक्रम सम्पन्न गरियो। एउटै ढुंगाबाट बनाइएको भगवान बुद्धको परिनिर्वाण अवस्थाको मूर्ति थियो त्यहाँ। त्यसैले यस विहारलाई नै निर्वाण मूर्ति किम्डोल विहार भन्ने गरिन्छ। विहारमा वरिपरिको वगैंचामा अति सुन्दर फूलहरु फुलिरहेका मनोरम्य दृष्य देखिन्थ्यो।

भोजनको कार्यक्रम पश्चात् विहारका प्रमुख गुरूमां धम्मचारीले बुद्ध शिक्षाले भरिएको ज्ञानमाला भजन सुनाउनु भयो। त्यसपछि उहाँले पञ्चशील विषयमा विश्लेषण गर्नुहुँदै भन्नुभयो– शील भनेको नै नियम एवं अनुशासन हो। पञ्चशीलको पहिलो नियम नै आफ्नो तर्फबाट अन्य प्राणीहरूको शरीरमा घात हुने कार्य कहिले पनि गर्नु हुन्न। हिंसा मारकाटबाट हामी सदा अलग्ग रहौं भन्ने विषयमा धर्मदेशना गर्नुभयो।

दोश्रो निमय हो, अरूको अधीनमा रहेका सरसामान र सम्पत्ति उनीहरूको अनुमति विना लिन हुन्न। जसरी आफ्नो सम्पत्ति अरुले जबरजस्ति लिंदा हामीलाई दुःख हुन्छ। त्यसरी नै अरुको सम्पत्ति चोरेर लिंदा उनीहरूलाई पनि त्यति नै दुःख हुनेछ। आफ्नो

तर्फबाट अरुलाई दुःखहुने कार्य गर्नु नै आफ्नो लागि पछि दुःख भोग्नुपर्ने बीऊ रोप्नु हुनेछ ।

तेश्रो नियम हो व्यभिचार कार्य नगर्नु । जसले आफ्नो विवाहित श्रीमती र श्रीमान बाहेक अरुमा आशक्त भई व्यभिचार गर्छ, उसले आफ्नो जीवन मात्र होइन अरुको जीवनमा पनि अशान्ती रुपी आगो सल्काउने गर्छ फलस्वरुप उसको वर्तमान जीवन र भविष्यको जीवन पनि नर्कतुल्य हुनपुग्छ ।

चौथो नियम हो आफ्नो स्वार्थको बसमा गई अरुलाई हानीहुने गरी झूठोकुरा, चुकली कुरा, वकवास गफ, कडा वचन प्रयोग नगर्नु ।

पाँचौं नियम हो, आफ्नो शरीर र मन बेहोश पार्न सक्ने कुनैपनि पदार्थ नखानु र नपिउनु हो । यस विषयका अगाडी आउँछ रक्सी, मादक पदार्थ, लागु पदार्थ आदीको सेवनबाट वञ्चित रहनु ।

यसरी किम्डोल विहारमा गएर धर्मचारी गुरूमा.बाट पञ्चशील विषयमा विश्लेषण गरी बुद्ध शिक्षा बुझाइदिनु भएको घटना आजसम्म पनि मेरो मनले झल झल सम्झना गरिरहेको छु ।

धर्मचारी गुरूमांले भन्ने गर्नुहन्थ्यो रीसलाई मारेर पाप लाग्दैन, आगोलाई मारेर पाप लाग्दैन तर पञ्चशील उल्लंघन गऱ्यो भने पापै लाग्छ । धर्मचारी गुरूमांले बताउनु भएका यी बुद्ध शिक्षा आज सम्म पनि मैले सम्झिरहेकी छु ।

एकदिन एकाबिहानै धर्मचारी गुरूमां हाम्रो घरमा भिक्षाटन आउनु भएको रहेछ । मलाई थाहा थिएन उहाँलाई माथि आउनुस्न भनी बोलाउन जाँदा उहाँले भन्नुभयो–

"फुपू वा वज्यैलाई बोलाई देउ त आज हामी भिक्षाटन आएका छौं । माथि आउँदैनौं ।"

त्यसपछि फुपूले चामल र पैसा दान दिनु भयो । भिक्षा लिनुभई गुरूमांहरू फर्केर जानुभयो ।

यो दृष्य मेरो आँखामा आजपनि झल्किरहेकै छ । धर्मचारी गुरूमां वहुप्रतिमा भएकी गुरूमां हुनुहुन्छ । उहाँले नेपालभाषामा ज्ञानयुक्त कविताहरू लेख्ने गर्नुहुन्छ । समाजमा शिक्षाको आवश्यकता छ भन्दै उहाँले महिला जागरण गराउने कविता लेखेर प्रचार गर्नु भएको थियो ।

यसरी म सानो छँदा खेरि नै निर्वाण मूर्ति किम्डोल विहारमा गएर धर्मचारी गुरूमांको तर्फबाट बुद्ध शिक्षा सिक्न पाएको पुरानो मीठो सम्झना आज सम्म पनि ताजा भइरहेको छु । ■

भवतु सब्ब मंगलम् ।

## मनूतय्के मानवता मन्त

✍ **अमीर कुमारी शाक्य**

कालयात दोष मदु
जिन्दगीया भरोसा मदु
थौंला कन्हय्ला सुनानं मस्यू
छन्हुला सिना वने माःगु हे दु ।

सिनाः गन वनेगु वनं मस्यू
यंके दैगु छुं नं मस्यू
थौंतक्क सुनानं छुं यंकूगु मदु
अयनं मनूतय् धन मुने माःगु दु ।


स्वात्तले झीतं फुक्कं माः
माक्को स्वयानं अप्पो हे माः
दयां छुयाय् यंके मदैगु
केवल पुण्य व पाप सिवाय !

मगाः मगाः मगाः
न्ह्याक्को दुसां गाहे मगाः
सम्पत्तिया ल्यू ल्यू वइगु
मान पदबि नं मदय्कं मगाः

मान पदबि व सम्पत्तिया लागि
अभिमानी जुया वःगु मचाः
घमण्ड व अभिमानं यानाः
पाप कर्मय् लाःगु हे मचाः ।

पाप पुण्यया अर्थ मथुल
कर्मभोगयात विश्वास मयात
जिति सुं मदु धैगु भावनां यानाः
अप्पो मनूतय्के मानवता हे मन्त ।

❀



# सुखबिहारी जातक

– प्रकाश बज्राचार्य

पश्चिमी क्षितिजमा थकाइले चूर्ण भइसकेको सूर्य रातो अनुहार गरी डुब्न लागेको थियो। आकाश रातो थियो। बादल रातो थियो। चराचुरुङ्गी आ-आफ्ना गुँडतिर जान थाले। चिसो चिसो मन्द मन्द हावा चल्न थाले।

त्यो ठाउँ रमणीय थियो। मध्यान्हको समयले गर्दा झन मनोहर देखिन्थ्यो। चारैतिर ठूला ठूला रूख, थरि थरिका फूलहरू किसिम किसिमका फलहरू यत्रतत्र देखिन्थे। मृग र मयुरहरू नाचिरहेका थिए, चराहरू गाइरहेका। त्यो ठाउँ थियो राजाको बगैंचा।

एउटा आँपको रूखमुनि बसिराखनेको ऋषिले उद्यानको शोभा झन बढाएको थियो। लामा लामा सेता दाढी हुने त्यो ऋषि अति तेजस्वी देखिन्थ्यो। उसको नजिकै त्यही रूखमुनि उसको प्रधान शिष्य ऋषि लेखिरहेको थियो। ऊ चाहिं रमणीय वातावरण देखेर आनन्दित थिए। आफैमा सन्तुष्ट थिए। ठूलो आनन्द, ठूलो सुख महसुस भइरहेको थियो त्यो शिष्य ऋषिलाई।

राजाको प्रवेश। उद्यानमा आज राजा एक्लै तपश्वी ऋषिलाई भेट्न आएका थिए। आँपको रूखमुनि आइपुगे। रूखको छहारीमा बसिराखेको तपश्वी ऋषिलाई वन्दना गरे। नजिकै लेखिराखेको आफैमा डुबेका शिष्य ऋषिले राजा आइपुगेको चालै पाएन। ऊ लेखिनै राखे। राजाले आफूलाई अपमान गरेको ठाने, आफुलाई हेला गरेको ठाने। आफ्नो गुरु ऋषिको नजिकै बसेर भने, "ऋषिज्यू! तपाईँको शिष्य त अति घमण्डी रहेछ।"

"किन र, महाराज ?" तपश्वीले सोधे।

"हेर्नुस् न, म आउँदा पनि उठेन तपाईँको शिष्य। शायद आजभोलि राम्रो भोजन पाउँदो होला, त्यसैले फूर्तिकला गर्दैछ। के उसलाई म राजा हुँ भन्ने पनि थाहा छैन ? के उसलाई राजा आएपछि कसरी बस्नुपर्छ पनि थाहा छैन ? हेर्नुस् न, कति आनन्द लिई मस्तसंग लेटिराखेको !"

तपश्वीले भने, "महाराज, नरिसाउनुस्। यो मेरो शिष्यले ठूलो सुखको अनुभव गर्दैछ। उसको जीवनमा यस्तो आनन्द, यस्तो सुख उसले कहिल्यै पाएको थिएन, त्यसैले ऊ सुख प्रीतिमा लीन छ।"

"किन नि, के पहिले राम्रोसंग खान पाएको थिएन र ?" राजाले सोधे।

"महाराज, त्यसो होइन। मेरो शिष्य पनि पहिले तपाइँ जस्तै ठूलो राजा थियो। ठूलो परिवार, ठूलो सम्पत्ति, ठूलो राज्यको मालिक थियो।"

"अनि ?"

"राजा छउन्जेल सुरक्षित महसुस हुँदैन्थ्यो चाहिंदा नचाहिंदा बन्धनमा फसेको हुन्थ्यो। अब ऋषि भयो। बन्धनबाट मुक्त भयो। भय रहेन। चिन्ता रहेन। स्वतन्त्र भयो। त्यसैले उसले ऋषि जीवनमा ठूलो सुख, ठूलो चैन, ठूलो शान्तिको अनुभव गर्दैछ, महाराज यस्तालाई दोष नदिनुहोस्।" तपश्वीले भने।

राजा चकित भए। आश्चर्य भए। चित्त बुझ्यो। विस्तारै टाउको निहुराई वन्दना गरे।

यो जातक कथा भगवान् बुद्धले राज्य छाडी भिक्षु हुने व्यक्ति भद्दियको कारणमा भन्नुभएको थियो। यसमा मुख्य तपश्वी ऋषि स्वयं बोधिसत्व थिए। ■



अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो







*जन्म :*
*वि.सं. १९८७ असार ६*

*दिवंगत :*
*वि.सं. २०७८ बैशाख २६*

# दिवंगत चिनीमाया स्थापित


अनन्त गुणले सम्पन्न हाम्री ममतामयी माता चिनीमाया स्थापित लगभग ९१ वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँको पुण्यस्मृतिमा हामीले सम्पन्न गरेका जतिपनि पुण्य कार्यहरू छन्, त्यसबाट प्राप्त पुण्य शक्तिले उहाँलाई सुगती एवं निर्वाणको हेतु यथासिघ्र प्राप्त होस् भन्ने कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

यसको साथै यस शोकाकुल घडीमा रहेका हाम्रा सपरिवारलाई धैर्य धारण गराउन मैत्री पूर्वक सहयोग गर्नुहुने सम्पूर्ण हितैषी महानुभावहरूको आयु आरोग्य एवं निरोगी कामना गर्दै साधुवाद व्यक्त गर्दछौं ।

## सुभद्रा स्थापित

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य**

इन्द्रचोक ।



# शाक्य वंशको उत्पत्ति

**– भुवनलाल प्रधान**

आजकाल स्थविरवाद वा थेरवाद भनिने मौलिक बौद्ध धर्मका प्रवर्तक भगवान् बुद्ध कपिलवस्तु गणराज्यका शाक्य राजवंशका राजकुमार थिए । यो कपिलवस्तु ईसवी पूर्व सातौं-छैठौं शताब्दीतिर हिमालय पर्वतको फेदीमा उदाएको एउटा सानो गणतन्त्र थियो । त्यस कपिलवस्तु राज्यले त्यस बेला चर्चेको इलाका हाम्रै देशको वर्तमान भूभागभित्र परेको छ। त्यस बेला गणतन्त्रका प्रमुख व्यक्ति 'राजा' नै कहिन्थे । शाक्य परिवारका भएकाले नै भगवान् बुद्ध 'शाक्यमुनि' कहलिएका हुन् ।

शाक्यहरूको विषयमा बौद्ध ग्रन्थहरूमा दिइएका वृत्तान्तहरू पौराणिक कथाहरूले यतिको जेलिएका छन् कि कुनै पनि ऐतिहासिक तथ्य तिनीहरूबाट ठूलो होशियारीसाथ चालेर लिनु पर्दछ। विभिन्न निकाय, विशेष गरेर दीर्घनिकाय, सुत्तनिपातका अर्थकथा, जातकका निदान कथा, लङ्काका दीपवंश र महावंश, महावस्तु, ललितविस्तर, महाभिनिष्क्रमण सूत्रबाट देखिए बमोजिम शाक्हरूको वंशक्रम निम्नलिखित प्रकारले पहिल्याउन सकिन्छ ।

दीर्घनिकाय र यस अर्थकथानुसार अम्बष्ठ नाउँ गरिएका एक जना पढे लेखेका विद्यार्थीले शाक्यहरूको सभामा उनीहरूले उनलाई अशिष्ट व्यवहार गरेको बारे भगवान् बुद्धसंग शिकायत गरे । बुद्धले शाक्यहरू राजा ओक्काक (इक्ष्वाकु) का ठयाहा सन्तान र अम्बष्ठ चाहिं दासीपट्टिका सन्तान हुन् भनेर बताएको वृत्तान्त यस प्रकार छः–

"तर, अम्बष्ठ, तिमीले आफ्नी आमापट्टिको र बाबुपट्टिको नाउँ र कुल सम्झेर ल्यायौ भने तिमीले शाक्यहरू कुलीन र तिमी चाहिं दासी पुत्रपट्टिका भनेर थाहा पाउनेछौ । शाक्यहरूले राजा ओक्काकलाई आफ्ना पुर्खा मान्दछन् । धेरै समय अगाडि राजा ओक्काकले एक जना साह्रै मन परेकी रानीको छोरालाई राज्य दिन चाहेर आफ्नी जेठी रानीतिरका राजकुमार-ओक्कामुख, करकण्डु, हत्थिनीक र सिनिपुरलाई देशबाट निकालेर पठाए। यी राजकुमारहरूसंगै उनीहरूका पाँचजना दिदीबहिनीहरू पनि देश बाहिर गए ।" यस विषयमा के पनि भनिएको छ भने ती राजाले आफ्नी छैठौं अर्थात् कान्छी रानीदेखि रिझिएको कुनै बेला तिनले मागेको कुरा दिने आश्वासन दिइराखे अनुसार तिनले आफ्नो छोरालाई राज्य मागिन् । यसरी बचनबद्ध भएका राजाले थातीको रूपमा राखिएको उक्त वचन पूरा नगरी सुखै पाएनन् । फलस्वरूप उनले मन नपराईकनै आफ्ना ठूला छोराहरूलाई आफू मरे पछि पैतृक राज्य लिन आउने सुझाउसहित तिनीहरूलाई निकाले ।

यसरी धपिएका राजकुमार राजकुमारीहरू हिमालय पर्वतको फेदीमा शाक वृक्षहरूको वन भएको ठाउँमा कमलको तलाउको छेउमा बसोबास गरे। त्यहाँ वनै वनको ठाउँमा आफ्नो कुल सुहाउँदो अर्को राजपरिवारका राजकुमार-राजकुमारीहरू नपाइने र जो पायो त्यो  संग विवाह गरेमा आफ्नो राजसी कुल बिग्रिने भएकोले ती राजकुमार चार जनाले आफ्नै बहिनी राजकुमारीहरूसंग सहवास गरे ।

केही समयपछि राजा ओक्काकले आफ्ना मन्त्रीहरूसित राजकुमार-राजकुमारीहरू कहाँ बसेकाछन् भनी सोद्धा उनीहरूले यस्तो जवाफ दिए, "महाराज, हिमालय पर्वतको फेदीमा कमलको तलाउछेउ एउटा शाक वन छ । राजकुमार-राजकुमारीहरू यहीं बस्छन् । आफ्नो कुलीनता बिग्रिने (जातिसम्भेद) भयले उनीहरूले आपस्तमै लोग्ने-स्वास्नी भएर रहे ।"

यो कुरा सुनेर राजा ओक्काकले उद्वेगपूर्ण उद्गार व्यक्त गरे, "हे राजकुमारहरू, सक्य छौ, निश्चय सक्य छौ !"

अर्थात् त्यस्तो विकट परिस्थितिमा दाज्यू-

बहिनीहरू पतिपत्नी बनेको कार्य अवश्य पनि गर्न सकिने उचित मान्न सकिने नै थियो ।

तदुपरान्त ती राजकुमारहरू सक्या (सक्का), शाक्य कहलिए र राजा ओक्काक शाक्य वंशका मूल पूर्खा भए ।

यसबारे बुद्धघोष (ई-४००-५००) ले आफ्नो अर्थकथामा यसतो लेखेकाछन्, "राजा ओक्काकका पाँच रानी थिए-भृत्ता, चित्ता, जयन्ती, जालिनी र विशाखा । जेठी रानीका चार छोरा ओक्कामुख, करकण्डु, हत्थिनीक, सिनिपुर र पाँच छोरी पिया, सुपिया, आनन्दा, विजिता, विजितसेना थिए । तिनको मृत्युपछि राजाले अर्की विवाह गरे तथा यी नयाँ रानीबाट जन्मेको छोरा राजकुमार जयन्तुलाई गद्दीनशीन गराउन राजाले ती नौ जना छोराछोरीलाई धपाए । ती राजकुमारहरू उत्तरतिर लागेर हिमालय पहाडको फेदीका कपिलवस्तुको स्थापना गरे । त्यही बेला कपिल ब्राह्मण हिमालयको पाखोमा कमल पोखरीको छेउ शाक वनमा तपस्या गरिरहेका थिए । यिनकै सुझाउ वमोजिम राजकुमारहरूले शाक वनलाई फारेर एउटा बस्ती बसाले तथा कपिल ऋषिको नाउँबाट यसको नाउँ 'कपिलवस्तु' राखे । आफ्नो जात घटाउन इच्छुक नभएकाले ती चार जोडी राजकुमार–राजकुमारीहरू चार दम्पतीको रूपमा रहन लागे र जेठी राजकुमारीलाई मातृ–स्थानमा राखे । जेठी राजकुमारीलाई पछि कोढ रोग लाग्यो र कालान्तरमा तिनलाई कमल पोखरीको माझमा छाप्रो बनाएर एकान्तमा राखियो । यही बीच बनारस (वाराणसी) का राजा एक जना पनि त्यही रोग लागेर छोरालाई राजपाट सुम्पेर त्यहीं जङ्गलमा बस्न आएका थिए । त्यस वनमा यिनले 'कोल' नाउँ गरिएको जडबूटी खाए र उनको रोग निको भयो । उनको वर्ण पनि खूब राम्रो भयो । महावस्तुमा राजाको नाउँ 'कोल' भनिएको छ र उनकै नाउँबाट 'कोलिय' – को व्याख्या गरिएको छ ।

"एक दिन ती राजाले ती जेठी राजकुमारीलाई बाघको हमलाबाट बचाइदिए । उनले तिनलाई आफ्नो छाप्रोमा लगेर त्यही कोल जडीबूटी ख्वाए ।

तिनको रोग पनि निको भयो र वर्ण सुनौला भयो । राजाले तिनीसंगै सहवास गरे । यथा समयमा तिनीहरूका बत्तीसजना छोरा भए । ती राजालाई आफ्नै राज्यमा फर्काउन उनका जेठा छोरा राजा आए । तर कोल राजा फर्कन चाहेनन् । बरु उनले त्यस वनमा कोल वृक्षहरू हटाएर उनको लागि एउटा गाउँ बनाइदिने आग्रह छोरा राजासित गरे । तदनुसार त्यहाँ एउटा नगर अस्तित्वमा आयो । कोल वृक्ष्यहरू काटेर बसालिएको शहर हुनाले यसलाई 'कोल नगर' भनियो । यो ठाउँ बाघ आएर बस्ने भएकोले यसलाई 'व्याघ्रपथ' पनि भनियो । छोराहरू विवाह–योग्य उमेरका भए पछि ती राजकुमारीले आफ्ना छोराहरूलाई कपिलवस्तुका शाक्यहरू आफ्नै मामा नाता भएको कुरा बताएर त्यहींबाट आफ्ना दुलहीहरू ल्याउन पनि भने । तद्नुसार कोलिय कुमार र शाक्य कन्याहरूको बीचमा वैवाहिक सम्बन्ध कायम भयो ।"

यी दुई परिवारहरूको बीचमा वैवाहिक सम्बन्ध पुस्तौं–पुस्ता चलेर बुद्धको समयसम्म कायमै रहेको थियो ।

अर्थकथामा यी वाराणसी राजाको नाउँ राम भनिएको छ ।

तर शाक्य शब्दको अर्थ 'शक वृक्ष' –को भन्ने पनि हुन सक्छ । डा. हौयेका अनुसार यो शब्दको ' शाल वन खण्डका मानिसहरू' भन्ने माने हुन्छ । ई.जे. थोमस भन्छन्, "शक भनेको शाल रूख को, Shorea Robusta हो, Tectona Grandis होइन । टेक्टना ग्रायण्डिस नेपाल तराईका जङ्गलमा पाइने होइन ।'

महाकवि अश्वघोष (ई. १००–२००लगभग) ले आफ्नो सुप्रसिद्ध काव्य 'सौन्दरानन्द' मा यो घटनाको विवरण यसरी दिएकाछन्:–

"कपिल गौतम ऋषि तपस्या गरिरहेको आश्रमतिर केही इक्ष्वाकु (ओक्काक) राजकुमारहरू बसोबास गर्ने इच्छाले आइपुगे (सर्ग १, श्लोक १८) । उनीहरू बसोबास गरेको ठाउँ शक वृक्षहरूले ढाकिएको थियो । यही कारणले यी इक्ष्वाकु राजकुमारहरू संसारमा ' शाक्य' कहिलिए (सर्ग १, श्लोक २४) । उनीहरूका धर्म गुरू कपिल गौतम ऋषि भए, धर्मगुरुकै गोत्रबाट उनीहरू पनि 'गौतम' भनिए (सर्ग १, श्लोक २२) । कपिल ऋषिले वनमा एउटा थलोमा चिन्ह लगाएर उनको मृत्युपछि त्यस इलाकाभित्र एउटा नयाँ शहर बसाल्न राजकुमारहरूलाई भने (सर्ग १, श्लोक ३३) ।

तदनुसार इक्ष्वाकु राजकुमारहरूले कपिल ऋषिको आश्रमनिर एउटा नगर बसाले, यसै कारण यसको नाउँ 'कपिलवस्तु' रह्यो (सर्ग १, श्लोक ५७)।

ती इक्ष्वाकु राजकुमारहरू जुन शहरबाट निकालिए त्यसको नाउँ पाली अर्थकथाहरूमा दिइएको छैन। महावस्तुमा यो नगर 'साकेत' भनिएकोछ र यसलाई कोसलहरूको बताइएको छ। बुद्धको समयमा कोसलहरूको राजधानी सावत्थी (श्रावस्ती) थियो। ई. जे. थोमसले के सुझाउ दिएकाछन् भने कोसल शक्ति दक्षिण तिर बढ्दै आएपछि साकेतले राजधानी श्रावस्तीको ठाउँ लियो। यस कुरामा सन्देह छैन कि संस्कृत ग्रन्थहरूमा 'अयोध्या' कहिएको शहर 'साकेत' नै हो अयोध्या अर्थात् 'अजेय' भन्ने नाउँ पछिका कुनै विजेता राजाले राखेको नयाँ नाउँ हुन सक्छ।

तर ललितविस्तरको भनाइ भने माथि लेखिएको भन्दा केही फरक छ। यो अनुसार आफ्ना केटाकेटीहरूलाई निकाल्नेराजाको नाउँ सुजात जसकी रानी शोभावती बाट ओपुर, निपुर, करकण्ड, उल्कामुख र हस्तिकशीर्ष नाउँ गरिएका पाँचजना छोरा थिए। यिनकी भित्रिनी जयन्तीबाट अर्को एक जना छोरा जयन्त कुमार भए। यी राजाका पाँच जना छोरीहरू सुधा, विमाता, विजिता, जिता र जाली थिए। लङ्काको महावंशका ओक्काक भन्दा अगाडिका धेरै पिँढीका राजाहरूका नाउँहरूको फिहरिस्त दिइएकोछ। ललितविस्तरमा कुष्ठ रोग लागेको राजकुमारीको नाउँ 'अमृता र तिनलाई राजा शुद्धोदनकी दिदी भनिएको छ। ललितविस्तारमा के पनि बयान गरिएकोछ भने कपिलवस्तु यथा समयमा सेरो-फेरोका इलाकाबाट अरू मानिसहरू यहाँ बसाइँ सर्न आएकोले एउटा ठूलो शहरमा विकसित भयो, जेठो राजकुमार ओपुर कपिलवस्तुका पहिलो राजा भए तथा तिनको सात पुस्तापछि शुद्धोदन जन्मे।

तर महावंश अनुसार चारजना राजकुमारहरूमा जेठा ओक्कामुख(उल्कामुख) नै कपिलवस्तुका संस्थापक राजा थिए। केही पिँढीपछि जयसेन कपिलवस्तुका राजा भए। उनका उत्तराधिकारी सिंहहनु भए। यिनका शुद्धोदन आदि पाँच छोरा र अमृता, प्रमिता नाउँ गरेका दुई छोरी थिए। अमृताको विवाह कोलिय (देवदहं नगरका सुप्रबुद्धसित भएको थियो र राजकुमार सिद्धार्थ (भावी बुद्ध) की पत्नी यशोधरा तिनीहरूकै छोरी थिइन्। महावंश अनुसार मायादेवी र प्रजापती देवदह का प्रमुख अञ्जन शाक्यका छोरीहरू थिए। यिनी कपिल वस्तुका प्रमुख जयसेनका समकालीन देवदह शाक्यका छोरा थिए। महावस्तु अनुसार भने मायादेवी र प्रजापती देवदहका सुभूति शाक्यका छोरी थिए। यशोधरालाई ललितविस्तरमा सुप्रबुद्धका दाज्यू दण्डपाणिको छोरी भनिएको छ।

अब कोलिय (वा देवदह) राज्यको उत्पत्तिबारे केही चर्चा गरौं। ललितविस्तरमा श्वेतकुष्ठ लाग्ने राजकुमारी अमृता चाहिं शुद्धोदनकी दिदी थिइन् भनिएको चर्चा माथि भइसकेकोछ। तर अर्थकथाका अधिकारी बुद्धघोषले कुष्ठ रोग लाग्ने र वाराणसीका भूतपूर्व राजासित विवाह गर्ने राजकुमारी ओक्काककी जेठी छोरी पिया भनेका छन्। जे होस्, राजकुमारीलाई कोढ रोगले झन्झन चाप्दै ल्यायो। अनि सर्ने डरको कारण तिनलाई नजीकको हिमालय पर्वतको वनमा एकान्त ठाउँमा राख्न लगियो।

त्यसपछि कथा अगाडि बढेर राजकुमारीको रोग हिमाली हावा–पानीको प्रभावले निको भएको, उनको हिमाली वनको त्यही ठाउँनिर तपस्या गरिरहेका राम नाउँ गरेका वाराणसीका भूतपूर्व राजासित भेट भएको परस्पर दुबैजना आकर्षित भएर प्रेम बसेको् र अन्त्यमा सहवास भएको इत्यादि बयान गर्दछ। उनीहरू त्यही वनमा रहे र यथा समयमा राजकुमारीले पटकै पिच्छे दुई दुई जना जुम्लयाहा छोरा जन्माएकीले जम्मा बत्तीस जना छोरा भए। यी लडकाहरू 'कोलिय' कुमार कहिए। शुरुमा त यी कुमारहरूको गुजारा वनमा उपलब्ध भएको खानेकुराबाट यथेष्ट पुग्थ्यो। तर समय बित्दै गएपछि यत्तिका जनाको जीविका त्यहाँको वन पैदावारले मात्र चलेन। आखिर ती जवान लडकाहरूले आसपासका गाउँहरूमा भिक्षा माग्न जाने वृत्ति अपनाए।

एक दिन यी कोलिय कुमारहरू शुद्धोदनले राज्य गरेको कपिलवस्तु नगरमा गए। यिनीहरूले ऋषि कुमारको लुगा लगाएका थिए, शायद रूखका बोक्राहरूको। तिनीहरू सबै डीलडौल शरीर भएका नौजवान थिए, राम्रा र बलियाबाङ्गा देखिन्थे। स्वभावतः यस्ता बत्तीस जना नवयुवक सडकमा भीख माग्दै गइरहेको दृश्यले कपिलवस्तुका शाक्यहरूको बीचमा

खुलदुली मचायो । यो खबर तुरून्त चारैतिर फैलियो र राजा शुद्धोदनको कानमा पनि पुग्यो । ऋषिकुमारहरू बोलाइए । उनीहरूको परिचयबारे राजाले सोधनी गर्दा उनीहरूले आफ्ना आमाबाबु र आफ्नै सारा वृत्तान्त बताए । कुष्ठ रोग लागेर वनमा राख्न लगिएकी दिदी अमृताको खबर पाएर राजा शुद्धोदनलाई अचम्म लाग्यो । ठूलो खुशियालीले उनी तुरुन्तै उनीहरूसंगै वनमा गएर दिदीसंग भेटघाट गरे । तिनको चिन्ता दूर गर्न शुद्धोदनले आवश्यक प्रबन्ध मिलाइदिए । ती कुमारहरूलाई उनले दरबारमा ल्याएर चाहिने बन्दोबस्त गरिदिए । पछि तिनीहरूको कुलीन शाक्य कन्याहरूसित विवाह भयो । यिनीहरूका छोराछोरीहरू 'कोलिय शाक्यवंश' अथवा छोटकरीका शाक्यवंश[1] कहिए र यिनीहरूले नै कोलिय वा देवदह गणतन्त्र राज्यमा राज्य गरे ।

कोलिय राज्यको अलि बढी स्पष्टीकरण चाहिन्छ होला । बुद्धघोषको अर्थकथानुसार कोल नगरको नाउँ व्याघ्रपथ पनि भयो । यो व्याघ्रपथको आवादी बढ्दै गए पछि व्याघ्रपुर भनियो । अर्थकथानुसार लिच्छवीहरूले प्रयोग गर्ने मङ्गल पुष्करिणी भनिने तलाउ जस्तै यस कोल नगर वा कोलिय राज्यका इलाकाभित्र शाक्यहरूले पर्वपर्वमा नुहाउने गरेको पवित्र देव (अर्थात् ठूलो, उच्च, महत्वपूर्ण) दह भएकोले यसको नामकरण देवदह पनि गरियो । संयुक्तनिकायको अर्थकथाले कोल नगरलाई त्यही ठूलो दहको कारणले नै देवदह भनिएको भनेकोछ । यहाँ के सम्झनु उचित छ कि कुनै महिमा वा गरिमाको सङ्केत गर्न 'देव' शब्दको अक्सर गरेर प्रयोग गरिन्छ । भगबान् बुद्धले एक पटक भनेका थिए, "लिच्छवी जनपदलाई 'देवमण्डल' भने हुन्छ ।" यस्तै कारणले होला हामीहरू आफ्ना राजालाई 'देव' भन्छौं । दीर्घनिकायको अर्थकथाले देवदह भनेको कोल नगरको अर्को नाउँ हो भनेर स्पष्टसंग भनेको छ । जातक अर्थ कथाले चाहिं देवहरू कोलिय राज्यको राजधानी भनेको छ । महावंशले भने देवदह एउटा शाक्य राज्य थियो र बुद्ध भन्दा तीन पुस्ता अगाडि यहाँ देवदह शाक्यले राज्य गर्दथे भनेर किटान गरेको छ । मायादेवी र प्रजापतीका बाबु अञ्जन देवदह शाक्यकै छोरा थिए र अञ्जनकै छोरा दण्डपाणि र सुप्रबुद्ध थिए ।

यहाँ के कुराको खयाल राख्नु पर्दछ भने माथि चर्चा गरिएका विभिन्न भनाइहरूमा नामावली सम्बन्धी जुन अन्तर छ त्यसबाट शाक्य राजवंशको ऐतिहासिक आधारलाई कति पनि प्रभाव पार्दैन । तिनबाट ऐतिहासिक तथ्य के देखिन्छ भने ईसवी पूर्व सातौं छैठौं शताब्दीमा त्यस इलाकामा कपिलवस्तु र कोलिय (अर्थात् देवदह, पछि रामग्राम कहिएको) नाउँ गरिएको स-साना दुईवटा गणराज्य थिए । यिनमा शाक्यहरू राज्य गर्दथे, अथवा भनौ कपिलवस्तुमा शाकयहरू र कोलियमा शाक्यवंश । शाकयहरूको तुलनात्मक नियमित इतिहास भगवान् बुद्धभन्दा तीन पुस्ता अगाडि देखि पाइन्छ । कोलिय र कपिलवस्तुका प्रमुख शाक्यहरूको बीचमा वैवाहिक सम्बन्ध कायम थियो । यी दुवै शाक्य गणतन्त्र शक्तिशाली राजतन्त्र कोशलको अन्तर्गत थिए । यो कुरा मज्झिमनिकाय, सुत्तनिपात आदिबाट थाहा हुन्छ । ■

*स्रोत- बुद्ध धर्म र शाक्यहरू*

१. उपत्यकाको दोस्रो शहर पाटनमा 'शाक्यवंश' कहिने एक थरी शाक्य आजसम्म छन् ।

**"आँखालाई वशमा राख्नु असल छ, कानलाई वशमा राख्नु असल छ, नाकलाई वशमा राख्नु असल छ, जीब्रोलाई वशमा राख्नु अशल छ ।"**

**"शरीरलाई वशमा राख्नु असल छ, वचनलाई वशमा राख्नु असल छ, सबै इन्द्रियलाई वशमा राख्नु असल छ । सबै इन्द्रियलाई वशमा राख्ने भिक्षु सबै दुःखबाट मुक्त हुनेछ ।"**

**"जुन व्यक्तिले आफ्नो हात, खुट्टा र वचनलाई उत्तम प्रकारले संयम गर्छ, जुन व्यक्तिको चित्त राम्ररी ध्यानमा लागेको हुन्छ, जुन व्यक्ति सन्तुष्ट एकान्तवासी हुन्छ, त्यही व्यक्ति भिक्षु हो ।"** – ***धम्मपद***

## बुद्धहरूको मूल शिक्षा

"सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा; सचित परियो दपनं एतं बुद्धान सासनं"


अर्थ- **"कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) काम गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।"**

**Not To Do Evil, To Cultivate Merit, To Purify One's Own Mind.**

*भावार्थ- **"पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ ।"***

# अनन्त ज्योति–३

## ( श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन जीवन, मेहनत र सद्भावनाका विषयमा )



*अनुवादक-* **देवकाजी शाक्य**

११

– प्रथम श्रेणीका मित्रहरू उचित मार्ग बताई तिम्रा भूलसुधार गर्न मद्दत गर्दछन् ।

– द्वितीय श्रेणीका मित्रहरू प्रेरणा र ढाडस दिई दु:खको समयमा तिम्रो साथमा रहन्छन् ।

– तृतीय श्रेणीका मित्रहरू प्रभावशाली मानिसहरूका पछि-पछि लागि अरूलाई सान र दम्भ देखाउँछन् ।

– चतुर्थ श्रेणीका मित्रहरू आफैं लम्पट र अस्थिर स्वभावका भई अरू सबैलाई पथभ्रष्ट पारिदिन्छन् ।

१२

– प्रथम श्रेणीका चिकित्सकहरू दक्ष र गुणी भई रोगीलाई परिवारका सदस्य हुन् भन्ने भावना लिई उपचार गर्छन् ।

– द्वितीय श्रेणीका चिकित्सकहरू आफू सीपमा पोख्त नै भए पनि रोगीले सोधपुछ गरेको कुरामा सहनशील हुँदैनन् ।

– तृतीय श्रेणीका चिकित्सकहरू करुणारहित हुन्छन् ।

– चतुर्थ श्रेणीका चिकित्सकहरू लापरवाही र मानवीय जीवनबारे संवेदनशील हुँदैनन् ।

१३

– प्रथम श्रेणीका परिचारिकाहरू दयालु र गुनासो नगर्ने स्वभावका हुन्छन् र रोगीहरूका स्याहारसुसार राम्ररी गर्छन् ।

– द्वितीय श्रेणीका परिचारिकाहरू बिरामीहरूका कक्षहरू मिहिनेतपूर्वक निरीक्षण गर्छन् ।

– तृतीय श्रेणीका परिचारिकाहरूमा धैर्यको अभाव हुन्छ र नियममा अडिग भई काम गर्छन् ।

– चतुर्थ श्रेणीका परिचारिकाहरू सौतेनी आमाजस्तो झर्कने स्वभावका हुन्छन् ।

१४

– प्रथम श्रेणीका अधिकारीहरू मिहिनेती प्रशासकहरू हुन्छन्, जसले मानिसहरूको भलाइ हुने कुरामा ध्यान राख्दै उनीहरूलाई हरेक कुरामा सुसूचित पार्दछन् ।

– द्वितीय श्रेणीका अधिकारीहरू बडो इमान्दारीपूर्वक आफूलाई भ्रष्ट हुनुबाट जोगाउँछन् ।

– तृतीय श्रेणीका अधिकारीहरू स्वप्रशंसा र अरूका चाप्लुसी गर्दै आफ्नो स्वार्थपूर्ति गर्न षड्यन्त्र गर्दछन् ।

– चतुर्थ श्रेणीका अधिकारीहरू बल-धम्की देखाई, तर्साई राज्यको सम्पत्ति आफ्नो फाइदाको लागि प्रयोग गर्दछन् ।

१५

– प्रथम श्रेणीका सचिवहरू आफ्ना प्रमुखका लागि गर्नुपर्ने कार्यहरू र पूरा गर्नुपर्ने आवश्यकताहरूबारे पहिल्यै अनुमान गरी विचार गर्छन् ।

– द्वितीय श्रेणीका सचिवहरू आफ्ना प्रमुखले दिएका निर्देशनहरू पालना गरी कार्यान्वयन गर्छन् ।

– तृतीय श्रेणीका सचिवहरू धेरै गल्तीहरू गर्छन् र प्रमुखबाट सधैं गाली चेतावनी पाउँछन् ।

– चतुर्थ श्रेणीका सचिवहरू नसिहतका सबै कुरा भुल्छन् र आफूलाई कहिल्यै सुधार्दैनन् ।

१६

– प्रथम श्रेणीका कानून व्यवसायीहरू न्यायको लागि र झूटा आरोपहरूका समाप्तिका लागि समर्पित हुन्छन् ।

– द्वितीय श्रेणीका कानून व्यवसायीहरू आफ्ना सेवाग्राही, ग्राहकप्रति समर्पित भई उनीहरूका समस्याहरू समाधान गर्छन् ।

*क्रमश:*

# साधुवाद !



चिनी काजी महर्जन



ज्ञानेन्द्र महर्जन

बि.सं. २०५१ साल देखि बि.सं. २०७८ श्रावण सम्म धर्मकीर्ति पत्रिकाको व्यवस्थापन कार्यमा निरन्तर सेवा गरिरहनु भएका व्यवस्थापकद्वय **चिनीकाजी महर्जन** र **ज्ञानेन्द्र महर्जन**ले आफ्नो निजी कार्यको व्यस्तताले गर्दा पत्रिकाको वर्ष ३९ अङ्क ५ देखि यस व्यवस्थापन कार्यबाट बिदा लिनुभएको छ ।

करीब २७ वर्ष सम्म धर्मकीर्ति पत्रिका मार्फत धर्मप्रचार कार्यमा निश्वार्थ रुपमा सेवा गर्दै अमूल्य पुण्य सञ्चय गर्नुभएका व्यवस्थापकद्वय **चिनीकाजी महर्जन** र **ज्ञानेन्द्र महर्जन**को आयु आरोग्य निरोगीको कामनाका साथ उत्तरोत्तर प्रगतिको पनि कामना गरी साधुवाद व्यक्त गरिएको छ ।

**धर्मकीर्ति पत्रिका परिवार धर्मकीर्ति विहार**

श्रीघः, नःघः, काठमाडौं ।

# लोक नीति


**अलसस्स कुतो सिप्पं, असिप्पस्स कुतो धनं**
**अधनस्स कुतो मित्तं, अमित्तस्स कुतो सुखं**
**असुखस्स कुतो पुञ्ञं, अपुञ्ञस्स कुतो वरं**

अलसि मानिसलाई कहाँबाट शिल्प विद्या प्राप्त हुन्छ र ? शिल्प विद्या नजान्ने व्यक्तिसंग धन-द्रब्य कसरी प्राप्त हुन्छ ? धन द्रब्य नभएका व्यक्तिसंग साथीहरू कसरी हुन्छ ? साथीभाई नभएका व्यक्तिलाई कसरी सुख प्राप्त हुन्छ ? सुख नभएको व्यक्तिलाई पुण्य कसरी प्राप्त हुन्छ ? पुण्य प्राप्त गर्न नसक्ने व्यक्तिलाई निर्वाण कसरी प्राप्त हुन्छ ?

**सिप्पं समं धनं नत्थि, सिप्पं चोरा न गण्हरे ।**
**इध लोके सिप्पं मित्तं, परलोके सुखावहं**

शिल्प विद्या समान धन अर्को छैन । शिल्प विद्यालाई चोरले पनि चोर्न सक्दैन । शिल्प विद्या यस लोकमा मीत साथी समान हो । परलोकमा सुख दिने साथी हो ।

**अनुवादक - भिक्षु अनिरुद्ध**



# धन्य खः सिद्धार्थ

– माधवी गुरुमां

कपिलवस्तुया जुजु सुद्धोदन महाराजाया काय् खः सिद्धार्थ राजकुमार। विबाह पश्चात् तःदं तक नं सन्तान मदयाः मनय् विस्मात् जुयाच्वंम्ह जुजु सुद्धोदनया तःधीम्ह महारानी महामाया देबीया पाखें काय्मचा जन्म जुल सिद्धार्थ कुमार। जुजुया लय्ताःया सीमा मन्त।

अति सुन्दरम्ह सिद्धार्थ सर्वगुणं सम्पन्नम्ह खः। ज्योतिषतसें भविष्यवाणी यानाः धाल – थ्व मचा छयैं च्वंसा चक्रवर्ती जुजु ज्वी। छयैं त्याग याःसा बुद्ध ज्वी।

राज्य त्याग याइगु भविष्यवाणीं यानाः सुद्धोदन महाराजाया तःधंगु चिन्ता जुल न्हयाथे यानानं माया मोहलय् भुले यानाः राज्यय् तय्गु ग्वसाः ग्वल। विलाशी जीवनय् भुलय्याय्गु जाः ग्वल। उकें वसपोलयात स्वंगू ऋतुई नं हावापानी मिलेज्वीक ताँन्वःबले सिच्चुक च्वनेत, चिकुबले लुमुक च्वनेगु व ताँन्वः नं मखु चिकु नं मखुगु इलय् मध्यम ज्वीक च्वनेगु यानाः रम्य, सुरम्य व शुभ नां दुगु स्वँगू दरवारत दय्काबिल।

अतिकं सुन्दरीम्ह कन्या यशोधरा देवी नाप बिवाह याना बियाः गृह बन्धनय् चिनाबिल। बौ नं गृहबन्धनय् तःथें च्वनाः वसपोलया राहुल नां याम्ह पुत्ररत्न छम्ह न. जन्म जुल। थनथाय् शुद्धोदन महाराजाया आःला सिद्धार्थ कुमार परिवार बन्धनय् लात, माया मोहलं चित। आःला राज्य त्याग यानाः पिहाँ वनी मुखत धयागु तः धंगु भलसा काःगु खः। तर जब सिद्धार्थ कुमार थ्व संसारया सत्यताया रुपय् प्यंगु निमित्त (शरीरय् रोगं कइगु, बूढा जुयाः शरीर सिथिल जुया वनीतिनिगु, छन्हु थ्व शरीर त्याग यानाः सीमानिगु , थम्हं धयाथे मदुगु थुगु संसारया बन्धनं अलग्ग च्वनेत, व दुःखं मुक्त ज्वीगु लपु मालेगु। खँसा निसें गृह जीवनया नक्कलीगु सुखयात खै फाय्थे फानाः दुःखं मुक्तगु जीवन मालेत तयार जुयाबिज्यात।

वसपोलं आषाढ पूर्णिमा कुन्हु हे राजदरवार, त्याग याना बिज्यात। थनथाय् साधारण व्यक्तिपिसं धाय्गु नं याई , सिद्धार्थ कुमारया थः श्रीमती यशोधरा व थः पुत्र राहुल कुमारप्रति माया हे मदु खनी तर अथे मखु वसपोलया थः श्रीमती व मचा प्रति माया दु। उकें दरवार त्याग याय्न्हयो थःमा यशोधरा देवी नाप याउँक दयनाच्वंम्ह राहुलकुमारयात बुयाः छक्वः माया याय्ला धकाः मतीतयाः स्वःवन। तर मचायात थिया च्वंतले यशोधरा देवीया न्हयलं चालकि ला दरवार त्याग याय्गु योजना सफल ज्वी हे मखुत। "पियेही विप्पयोगो दुकखो अर्थात् थःत योपिंनाप बायाच्वनेगु धयागु नं तसकं हे थाकु। अथेसां कलाः काय्या माया स्वयाः न. दुःखं मुक्तगु बुद्धत्त्व लाभ याना जगतय् प्राणीपिन्त उद्धार याय्गु ज्या तसकं मूवं। उकें वसपोल परिवार व गृह जीवनया मायायात चब्बुक चफुनाः दरबार त्याग याना बिज्याःगु खः धन्य वसपोल सिद्धार्थ कुमार।

यदि वसपोल गृहस्थ मायाय् प्यपुनाः दरवारय् हे च्वना बिज्याःगु जूसां थ्व जगत् प्राणीपिनि गथे उद्धार ज्वी ? थौंतक वसपोलया करुणां जाःगु हृदयनं लोक हीतार्थ दरवार त्याग यानाः प्राप्त यानाविज्याःगु ज्ञानं देव मनुष्य लगायत पशु पंक्षी आदि प्राणीपिनि जीवनय् तकं कल्याणकारी तिबःजुयाच्वन। वसपोलं प्राप्त याना बिज्याःगु शिक्षाया कारणं लाखौं करोडौं व्यक्तिपिनि जीवन सफल जुयावन। वसपोल परिनिर्वाण जुयाबिज्याःगु हे २५६५ वर्ष दय् धुंकल। अथेसां नं वसपोलं स्यनाबिज्यागु शिक्षा पालन यानाच्वना विज्याःपिं संघपिनिगु माध्यमं मनूतसें थःगु जीवन धन्य याय फयाच्वंगु दु।

धन्य खः सिद्धार्थ गौतम धन्य खः वसपोलया त्याग। धन्य खः वसपोलया पुरुषार्थ। अथेहे धन्य खः यशोधरादेवी नकतिनि मचाबूम्ह वसपोलयात ...तोताथकूम्ह सिद्धार्थ कुमारया बाध्यतायात थ्वीकाः सहयाना बिज्यात। सिद्धार्थ कुमारयात दोष बिया बिमज्याः।

अःखतं मखु न्ह्योखतं थ्वीकाः बुद्धिमतीम्ह यशोधरा ज्वीफुगु कारणं हे ज्वी वसपोलं नं दुःख मुक्तगु लँपु प्राप्त यानाः जन्म मरण चक्र हे मुक्त जुया बिज्याय फत। धन्यखः यशोधरा देवी नं। ■

# The Crane and the Crab

Once upon a time the Bodhisatta came to life in a certain - forest haunt as the divinity of a tree which stood near a certain lotus - pond. In those days the water used every summer to fall very low in a certain pond, not very big - Which was plentifully stocked with fish catching sight of these fish, a certain crane said to himself, "i must find a way to cajole and eat these fish" so he went and sat down in deep thought by the side of the water.

Now when the fishes caught sight of him, they said, "Of what are you thinking, my lord, as you sit there ?" "I am thinking about you", Was the reply. " And what is your lordship thinking about us ?" The water in this pool being low, food scarce, and the heat entense, - I was wondering to myself, as I sat here, what in the world you fishes would do" "And what are we to do, my lord ?" "Well, if you will take my advice, I will take you up one by one in my beak, and carry you all off to a fine large pool covered with the five varieties of lotuses, and there put you down," "My lord," said they, " No crane ever look the slightest thought for fishes since the world began. Your desire is to eat us one by one" "No, I will not eat you while you trust me", said the crane. "If you don't take my word that there is such a pond, send one of your number to go with me and see for himself." Believing the crane, the fish pregented to him a great big fish (blind of one eye, by the way), who they thought would be a match for the crane whether afloat or ashore; and they said, "Here is the one to go with you."

The crane took the fish off and put him in the pool, and after shewing him the whole extend of it, brought him back again and put him in along with the other fish in his old pond, And he held forth to them on the charms of the new pool.

After hearing this report, they grew eager to go there and said to the crane, "Very good, my lord, please take us across/"

First of all, the crane took that big one - eyed fish again and carried him off to the edge of the pool, so that he could see the water, but actually alighted in a varana - tree which grew on the bank. Dashing the fish down in a fork of the tree, he pecked it to death - after which he picked him clean and let the bones fall at the foot of the tree. Then back he went and said, "I have thrown him in; who is the next ?" And so he took the fish one by one, and ate them all, till at last when he came back, he could not find another left. But there was still a crab remaining in the pond; So the crane, who wanted to eat him up too, said, "Mister crab, I have taken all those fishes away and turned them into a fine large pool covered all over with lotuses. Come along; I will take you too." "How will you carry me across ?" said the crab. "Why, in my beak, to be sure, "said the crane "Ah, but you might drop me like that," said the crab; "I would not go with you." "Don't be frightened; I will keep light hold of you all the way." Thought the crab to himself, "He has not put the fish in the pool. But, if he would really put me in, that would be capital. If he does not - Why I will rip his head off and kill him. "So he spoke thus to the crane," you would never be able to hold me tight enough, friend crane; whereas we crabs have got an astonishingly tight grip. If I might take hold of your neck with my claws, I could hold it tight and then would go along with you."

Not suspecting that the crab wanted to trick him, the crane gave his assent with his claws the crab griped hold of the crane's neck as with the pincers of a smith, and said, "Now you can start." The crane took him and shewed him the pool first and then started off for the tree.

"The pool lies this way, Uncle," said the crab, "but you are taking me the other way." Very

much your dear uncle arm I !" said the crane; "and very much my nephew are you ! I suppose you thought the your slave to lift your up and carry you about ! just last your eye on that heap of bones at the foot of the tree; as I ate up all those fish, So I will eat you too." Said the crab, "It was through their own folly that those fish were eaten by you; but I shall not give you the chance of eating me. No; what I shall do, it to kill you. For you. For you, fool that you were, did not see that I was tricking you.

If we die, we will both die together; I will chop your head clean Off." And so saying he gripped the crane's weaz and with his claws, as with pincers. With his mouth wide open, and tears streaming from his eyes, the crane, trembling for his life, said, "Lord, indeed I will not eat you ! Spare my life !

"Well, then, just step down to the pool and put me in," said the crab, Then the crane turned back and stepped down as directed to the pool, and place the crab on the mud, at the water - edge. But crab, before entering the water, nipped off the crane's head as deftly as if he were cutting a lotus stalk with a knife.

The divinity who dwelt in the tree, marking this wonderful thing, made the whole forest ring with applaux repeating this stanza in sweet tones.

Guile profits not your very guileful folk.

Mark what the guileful crane got from the crab !

**– Ed. Francis and Thomas**

*Source- Jatak Tales*

**पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु**
**पुण्य (कुशल कर्म) गर्दै जानु ।**
**आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥**
**यही नै बुद्धको उपदेश हो ।**

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel. 4226625 / 4244173

**बिश्व मोटर ट्रेडर्स**

**ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१-४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# अन्तरक्रिया कार्यक्रम

शाक्यधीता नेपालले हालसालै बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा नेपालका भिक्षुणीहरूको देन विषयमा अन्तरक्रिया कार्यक्रम संचालन गरिरहेको समाचार प्राप्त भएको छ ।

प्राप्त समाचार अनुसार उक्त संस्थाको उद्देश्य यसरी रहेको देखिन्छ–

(क) एक्काइसौं शताब्दीमा नेपालमा भिक्षुणीहरूको बुद्ध धर्ममा रहेको देन, विषयमा प्रचार प्रसार गर्ने र अभिलेखन गर्ने ।

(ख) शाक्यधीता नेपालका सदश्यहरूको सीप विकास र सशक्तिकरण गर्ने ।

माथि उल्लेखित उद्देश्यहरूका साथ अगाडि बढिरहेको उक्त संस्थाले अहिले सम्ममा २ पटक भर्चुअल मार्फत अन्तरक्रिया कार्यक्रम संचालन गरिसकेको छ । ती यसरी रहेको छ–

१) मिति २०७८ असार १० जेठ पूर्णिमा ।

वक्ता – ञाणवती गुरूमां

यसदिनको अन्तरक्रिया कार्यक्रमको प्रवक्ता ञाणवती गुरूमां हुनुहुन्थ्यो ।

बि.सं २०१६ साल कार्तिक पूर्णिमाका दिन पाटनको यशोधरा महाविहारसंग सम्बन्धित मूबहालमा वज्राचार्य परिवारमा जन्मनुभएकी उहाँ गुरुमांका मातापिताले उहाँहरुको मूल उद्देश्य अनुसार दुःख कष्ट झेलेर छोरीलाई पढाउने कार्य गर्नुभयो ।

प्राप्त समाचार अनुसार उहाँलाई उहाँकै फुपुकी छोरी ञाणशीला गुरूमांले प्रव्रजित गुरूमां बन्न प्रेरित गर्नुभएको थियो । ञाणवती गुरूमां शाक्य सिंह विहार मा दो पञ्ञाचारी गुरुमांको उपाध्यायत्त्वमा वि.सं. २०३६ आश्विन ३० गते । प्रव्रजित गुरूमां हुनुभयो । त्यसपछि उहाँ बर्मा जानुभई ३ महिना ध्यान भावना गरी १ वर्ष पछि नेपाल फर्कनुभयो । हाल उहाँ गुरूमां हुनुभएको नं ४२ वर्ष भईसकेको छ ।

वर्माबाट फर्केपछि उहाँले पहिला अध्यापन गरिरहेको स्कूलमा हिसाब विषयमा ९ र १० कक्षामा ४ पिरीयड कक्षा लिनु हुन्थ्यो । पछि उहाँले शाक्यसिंह विहार, वेलुवन विहार, चापागाउँ, दीपंकर शिक्षालयमा परियत्ति शिक्षाको कक्षामा अध्यापन गराउनु भयो ।

पछि परियत्ति शिक्षा पनि सिकाउने र अन्य विषय पनि सिकाउन मिल्ने गरी वि.सं. २०४७ सालमा नर्सरी देखि १० कक्षा सम्म पढाउने गरी भास्सरा स्कूल स्थापना गर्नुभयो ।

हालसाल उहाँले स्वयंसेवक गुरूहरूलाई उक्त स्कुल जिम्मा लगाई रिर्पोट मात्र लिने कार्य गरिरहनु भएको छ ।

भिक्षुणी धम्मवती गुरूमांको अगुवाईमा लुम्बिनीमा वि.सं. २०५२ सालमा निर्मित गौतमी बिहारको दर्ता गर्ने दौरानमा अन्तर्राष्ट्रिय भिक्षुण संघ दर्ता गरियो ।

यस संघंको अलावा युवा अनागरिका संघको पनि खाँचो रहेको महसूस गरियो । त्यसैले वि.सं. २०४९ साल कार्तिक १२ गते सुशीला गुरूमांको जीवनकालमा स्थापित अनागारिका संघलाई भिक्षुणी धम्मवती गुरूमांको निर्देशनमा, भिक्षुणी ञाणवतीको नेतृत्वमा बि.सं. २०६७ फागुण २७ गते युवा अनागारिका संघ सहयोग समितिको रुपमा गठन गरी नयाँ रुप दिइयो ।

यस युवा गुरूमाँहरूलाई उत्साह एवं जाँगरिलो सुझाव दिने गरिएको हुँदा युवा गुरूमांहरूले पनि काम गर्ने मौका पाएको देखिन्छ । काम गर्दा केही अप्ठेरो स्थिती आइपर्ने बेला भिक्षुणी धम्मवतीले समस्या सुल्झाउनु हुँदै हौसला दिने गर्नुहुन्छ ।

यस समितीले हालसम्म सम्पन्न गरेका कार्यहरू यसरी रहेका छन् –

(१) **सुमना स्वास्थ्य कोष निर्माण** –

प्रव्रजित गुरूमांहरू विरामी पर्दा आवश्यक पर्ने व्यक्तिहरूलाई यस कोषले सहयोग गर्ने गरेको छ । उपासिका केशरी लक्ष्मी मानन्धरले यस कोषको लागि रू. ५ लाख रकम चन्दा दिनुभएको छ । तर उक्त रकम बौद्ध महिलासंघलाई जिम्मा दिई अहिले उक्त रकमको मात्रा बढाउन सफल भइरहेको छ ।

(२) प्रत्येक महिनामा ओवाद, कार्यक्रम संचालन ।

(३) हरेक विहारमा नयाँ प्रव्रजित गुरूमाँहरूको लगत राख्न दुईजना गुरूमाँहरूलाई जिम्मेवारी दिइएको छ ।

(४) प्रव्रजित गुरूमां बन्नको लागि ३ महिना देखि २ वर्ष सम्म परिक्षण काल पूरा गर्नुपर्ने नियम बनाइएको छ। ३ वर्ष पछि प्रव्रजित गुरूमां बनाइनेछ। यसको लागि फर्म भर्नुपर्ने छ। यस कार्य व्यवस्थापनको लागि २ जना गुरूमांहरूलाई जिम्मेवारी सुम्पिएकोछ।

(५) युवा गुरूमांहरूको विचार एवं सुझाव अनुसार भिक्षाटन कार्यक्रम संचालन गरी उक्त कार्यक्रमबाट संकलित रकमले नै भइपरि आउने सानातीना खर्च चलाइने छ।

(६) स्वयं सेवकको रुपमा यस समितिका कार्यहरू संचालन भइरहने उद्देश्य अनुसार नयाँ प्रविधिबाट परियत्ति कक्षा संचालन गर्नको लागि परियत्ति शिक्षा अध्यापन गराउने गुरूहरूका लागि Teacher's Training दिइनेछ र बोधि टेलिभिजनको माध्यमबाट परियत्ति शिक्षा कक्षा संचालन गरिंदैछ।

(७) श्रद्धेय धम्मवती गुरूमांको सदिच्छा अनुसार देवदहमा डा. अनोजा गुरूमांको अध्यक्षतामा यशोधरा भिक्षुणी विहार बनाउने उद्देश्य अनुसार कमिटीमा कार्य भइरहेको।

यसरी युवा अनागारिका संघको जानकारी दिनुहुँदै ञाणवती गुरूमांले शाक्यधीता नेपालको यस अन्तरक्रिया कार्यक्रम उपयुक्त रहेको विषयमा पनि चर्चा गर्नुभयो। कार्यक्रमको अन्त्यमा शाक्यधीता नेपालका सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

यस कार्यक्रमको उद्देश्य डा. सुमन कमल तुलाधरले प्रस्तुत गर्नुभएको थियो भने अन्तरक्रिया कार्यक्रम संचालक उर्मीला तुलाधर हुनुहुन्थ्यो भने रिपोर्टिङ्ग कार्य नानी केशरी वज्राचार्यले गर्नुभएको कुरा समाचारमा उल्लेख गरिएको छ।

**(२) २०७८ श्रावण १५ गते, विहीवार।**

यसदिन अग्गञाणी गुरुमां अन्तरक्रिया कार्यक्रममा वक्ता हुनुहुन्थ्यो। उर्मीला तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा शाक्यधीता नेपालाका अध्यक्ष इन्दावती गुरुमांले स्वागत मन्तब्य व्यक्त गर्नुभएको थियो। डा. सुमन कमल तुलाधरले शाक्यधीता नेपालको उद्देश्य प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा नानी केशरी वज्राचार्यले रिपोर्टिङ्ग गर्नुभएको थियो।

यसदिन केशावती गुरुमांले पञ्चशील प्रार्थना गराउनु भएको थियो। वक्ता अग्गञाणी गुरुमांको छोटो परिचय –

माता रत्नदेबी, पिता अष्टरत्न धाख्वा शाक्यको कोखबाट 3rd Sept. 1969 मा जन्मनुभएकी श्रद्धेय अग्गञाणी गुरूमांको परिवार बुद्ध शिक्षा सम्बन्धि धामिक संस्कार भएको बुझिएको छ।

उहाँको बाज्ये तिब्बती क्याञ्चेन लामाबाट प्रभावित भई जप, तप गरेर धार्मिक जीवन बिताउने गर्नुहुन्थ्यो। उहाँको मामा घर परिवार भिक्षु प्रज्ञानन्द महास्थविर, भिक्षु सुमंगल महास्थविर आदि दिग्गज भन्तेहरूबाट बुद्ध शिक्षा अध्ययन गर्ने मौका प्राप्त भएका थिए।

६ वर्षको बालिका अवस्था देखि नै विहारमा गइरहने मौका पाउनुभएकी अग्गञाणी गुरुमांले सानै उमेरमा ध्यान गर्ने र स्कुलमा १ कक्षाको पढाई भइरहेकै अवस्थामा परियक्ति शिक्षा १ कक्षा देखि पढ्ने मौका प्राप्त गर्नुभएको थियो।

कलेजमा ISC, BSC, अध्ययन गरिराख्नु भएको अवस्थामा नै अन्तराष्ट्रिय ध्यान केन्द्रमा संचालित ध्यान शिविरमा उहाँले भावना गर्ने मौका पाउनु भयो। १५ दिनको ध्यान शिविर सम्पन्न भएपछि उहाँलाई ज्ञानपूर्णिक भन्तेले बुद्ध शिक्षा अध्ययनार्थ वर्मा जानको लागि सोधनी भयो। आमाबुबाको पनि अनुमति प्राप्त भएपछि वर्माका सयादो भन्तेले वर्मामा अध्ययन गर्न आउनुको प्रमुख कारण उद्देश्य विषयमा सोध्नु हुंदा अग्गञाणी गुरूमांले आफूले ध्यान भावना गरेर यस शिक्षा अरुलाई पनि सिकाउने इच्छा प्रस्तुत गर्नुभएको थियो।

२०४५ सालमा वर्मा देशका सुप्रसिद्ध ध्यानगुरू महासी सयादोको ध्यानकेन्द्रमा ४ महिना सम्म ध्यान गर्नुभयो। त्यसपछि ध्यानगुरु भन्ते उ पण्डिताभिवंशको उपाध्यायत्त्वमा प्रव्रजित हुनुभयो।

तर केही दिन पछि नै वर्मामा आन्दोलन शुरु भई विदेशीहरुलाई वर्मा देश त्यागी स्वदेश फर्कन आह्वान गरियो। तर सयादोको विहारमा बस्ने इच्छा गर्नेहरुका लागि बस्न सकिने गरी सुरक्षाको व्यवस्था पनि मिलाइएको रहेछ। त्यसैले अग्गञाणी गुरुमां वर्मी भाषा सिक्नको लागि प्रव्रजित गुरुमांहरू मात्र बस्ने विहारमा रहने व्यवस्था मिलाइयो। उक्त विहारमा रही सिक्नुपर्ने

शिक्षा सिकिसकेपछि उहाँ पण्डिताराम विहारमा उच्च शिक्षा अध्ययनार्थ रहनुभयो। त्यहाँ उहाँले सासनधज धम्माचरिया परीक्षा उर्तिण गर्नुभयो। त्यसपछि उहाँ नेपाल नफर्की त्यहाँका अन्य विद्यार्थी गुरूमांहरूका लागि अध्यापन कार्यमा व्यस्त रहनुभयो।

सन् २००२ मा उहाँ नेपाल फर्कनुभयो। ध्यानगुरू उ पण्डिताभिवेश अन्तराष्ट्रिय बौद्ध भावना केन्द्रका ध्यान शिविर संचालनार्थ वर्षको एकपटक आउनुहुन्थ्यो। ध्यानगुरु उ पण्डिताभिवंशले वर्मी भाषामा धर्मदेशना गर्नुभएकोलाई अग्गत्राणी गुरूमांले नेपालभाषामा अनुवाद गर्ने जिम्मा लिनुभयो।

अग्गत्राणी गुरुमांले पाली भाषाका पुस्तकहरू नेपाली भाषामा अनुवाद गर्ने कार्यको थालनी पनि गर्नुभएको देखिन्छ। फलस्वरुप उहाँलाई त्रिपिटक मण्डलको बोर्ड नंम्बर पनि बनाइयो। उहाँले अनुवादको जिम्मा लिनुभएका पुस्तकहरूमा धम्मसङ्गिनी माहानिद्देश प्रकाशन हुन लागेको कुरा बुझिएको छ भने बुद्ध वंशलाई नेपाली भाषामा प्रकाशन गर्न लागेको छ।

अग्गत्राणी गुरूमांले पालि शिक्षा र संक्षिप्त व्याकरण पुस्तक लेख्नुभई २०६७ सालमा प्रकाशन गर्नुभएको थियो। यसरी नै उहाँले सद्धम्म पुष्पमाला पुस्तक, उहाँको प्रव्रजित जीवनको रजत महोत्सवको उपलक्ष्यमा प्रकाशन गर्नुभएको कुरा पनि बुझिएको छ।

हाल अग्गत्राणी गुरूमांले त्रिपिटक अनुवाद लगायत धर्मदेशना गर्ने कार्यलाई सुचारूपले गरिरहनु भएको देखिन्छ।

यसको साथै हाल सालै अनलाइन मार्फत चलिरहेको एम.ए. स्तरको पाली कक्षाको विद्यार्थीहरूलाई अध्यापन गरिरहनु भएको छ। यसको साथसाथै ध्यान भावना पनि सिकाउँदै हुनुहुन्छ।

अग्गत्राणी गुरूमांको सल्लाह अनुसार "प्रव्रजित गुरूमांहरुले सकेसम्म कोविद कक्षा अध्ययन गर्नु आवश्यक हुनेछ। यसमा पनि पालि भाषा र अभिधर्मलाई प्राथमिकता दिएर अध्ययन गर्दा अझ् राम्रो हुनेछ। यसको साथै ध्यानभावना अभ्यास पनि नितान्त आवश्यक हुन्छ।

उहाँहरूलाई गाउँघरमा धर्मप्रचारर्थ जानकोलागि प्रशिक्षण दिनु पनि नितान्त आवश्यक देखिन्छ। यसको साथै बौद्ध जागरण शिविर पनि संचालन गर्न आवश्यक छ।

कार्यक्रमको अन्त्यमा शाक्यधीता नेपालका सचिव मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नुभएको थियो। ❀

**धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू**

*क्र.सं. ९०४*

**प्रमोद वीर तुलाधर**

ताहाचल हाउजिङ्ग

रु. ५०००/-

*क्र.सं. ९०५*

**उर्मिला तुलाधर**

ताहाचल हाउजिङ्ग

रु. ५०००/-

- **"अनर्थ पदले युक्त हजारौं कुराहरू गर्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि कुरा गर्नु उत्तम छ। जुन कुरा सुनेर शान्ति प्राप्त हुनेछ।"**
- **"अनर्थ पदले युक्त हजारौं गाथाहरू सुन्नु भन्दा अर्थपूर्ण गाथा एउटै मात्र भएपनि सुन्नु उत्तम हुनेछ। जुन गाथा सुनेर शान्ति प्राप्त हुनेछ।"**
- **चित्त संयम भएको व्यक्तिले विचार पुऱ्याई कुरा गर्छ, चञ्चल नभएको व्यक्तिले अर्थ र धर्म प्रकाश गर्छ। यस्तो व्यक्तिको भाषण मधुर हुन्छ।**

***– धम्मपद***

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | वि.सं. २०७८ | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|---|
| १. | श्रावण ९ गते, शनिवार, गुरु पुन्हि | खेमावती गुरुमां | धम्मवती गुरुमां |
| २. | श्रावण १७ गते, आइतवार, अष्टमी | त्यागवती गुरुमां | त्यागवती गुरुमां |
| ३. | श्रावण २४ गते, आइतवार, औंशी | केशावती गुरुमां | केशावती गुरुमां |

# भिक्षुणी धम्मवती गुरूमांको ८८ औ शुभजन्मोत्त्सव

*२०७८ श्रावण ४ देखि ११ सम्म ।*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति विहार संस्थापिका, शासन धज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित, भिक्षुणी धम्मवती गुरूमांको ८८ औं जन्मोत्सबको शुभ उपलक्ष्यमा धर्मकीर्ति विहारले उहाँको सुस्वास्थ्य एवं निरोगी कामना गरी श्रावण ४ गते देखि ११ गते सम्म यसरी विभिन्न कार्यक्रम संचालन गरियो ।

(१) भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना ।

(२) वज्रयानी गुरूजुहरूबाट मंगलपाठ र धर्मदेशना ।

(३) महायानी गुरूहरूबाट मंगलपाठ ।

(४) दानप्रदान –


यस साप्ताहिक कार्यक्रममा उपस्थित हुनुभई धम्मवती गुरूमांको सुस्वास्थ्य एवं दीर्घायु कामना गर्नुहुने सम्पूर्ण भन्ते गुरूमांहरूलाई वज्रयानी गुरूजू गुरूमांजुहरू लगायत महायानी गुरूहरूलाई धम्मवती गुरूमांले दान प्रदान गर्नुभएको थियो । यसको साथै धर्मकीर्ति विहारका अन्य प्रव्रजित गुरूमांहरू लगायत उपासकोपासिकाहरूले पनि उहाँहरूलाई दान प्रदान गरि पुण्य सञ्चय गर्नुभएका थिए ।

कार्यक्रममा महायानी गुरूहरूबाट पनि दान प्रदान गर्नुभएका थिए ।

साप्ताहिक अभिधर्म पाठ, धर्मदेशना, भोजन र जलपान दान गर्नुहुने दाताहरू आदिको विवरण–

| क्र. सं. | २०७८ श्रावण | बुद्धपूजा | धर्मदेशना | पाठ | भोजन | विहानी जलपान | बिचको जलपान | बुद्धपूजामा जलपान वितरण |
|---|---|---|---|---|---|---|---|---|
| १. | ४ गते सोमबार | पञ्ञावती गुरूमां | भिक्षु बोधि सेन | धम्मसङ्गिनी | ललिता कालिमाटी | तुलसी महर्जन सुनागुठी | श्रद्धाचारी गुरूमां | बसुन्धरा विहार बसुन्धरा |
| २. | ५ गते मंगलबार | पञ्ञावती गुरूमां | भिक्षु बोधिज्ञान | विभंग | ततापुचः ध.की. | चित्तलक्ष्मी महाबौद्ध | सुमना कालधारा, संगीता शाक्य, न्यत | सुलक्षण कीर्तिविहार चोभार |
| ३. | ६ गते बुधबार | भिक्षु निग्रोध | भिक्षु निग्रोध | धातुकथा | राजेश, शोभा सीतापाईला | अनिता चःमति | आशामाया बलम्बु | धम्मवती गुरूमां |
| ४. | ७गते विहीबार | भिक्षु पञ्ञासार | भिक्षु पञ्ञासार | पुग्गल पञ्ञति | पुलां पुचः ध.की. | अनिता चःमति | पद्मकीर्ति विहार कमल पोखरी | पद्मकीर्ति विहार कमलपोखरी |
| ५. | ८ गते शुक्रवार | भिक्षु धर्ममूर्ति | भिक्षु धर्ममूर्ति | कथावत्थु | कयेँहे पुचः ध.की. | त्यागवती गुरूमां | चुनुशोभा वज्राचार्य | धर्मकीर्ति मिजं पुचः |
| ६. | ९ गते शनिवार | भिक्षु कौण्डञ्ञ | भिक्षु कौण्डञ्ञ | यमक | पूर्णहेरा पुचः ध.की. | चिनीमाया वज्राचार्य | निर्वाणमूर्ति किम्डोल | निर्वाण मूर्ति किम्डोल |
| ७. | १० गते आइतवार | सयादो ऊ सुजनपिय | सयादो ऊ सुजन पिय | पट्ठान | कीर्तिमैयां खुसिबुँ | धम्मवती गुरूमां | सुवण्णवती सुचिता, सुजाता | सुवण्णवती सुचिता, सुजाता |
| ८. | ११ गते सोमबार | डा. नरेश वज्राचार्य | डा. नरेश वज्राचार्य | वज्रयान महायान मंगलपाठ | वीर्यवती द्वितीया पुचः र डा. नरेश वज्राचार्य | वीर्यवती द्वितीया पुचः | पूर्णरत्न वज्राचार्य बालाजु | धम्मवती गुरूमां |

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



पुलांगु विश्वभूमि पत्रिकाया सम्पादक,
नेवाः राष्ट्रिय आन्दोलन संस्थाया सदस्य,
नेवाः ग्वहालि गुथिया सदस्य, कसाः तःधंः गुथिया पुलांम्ह छ्याञ्जे, भाषा सेवी,
पासापिनिगु पुचलय् माःगु तक ग्वहालि नापं सरसल्लाह बिइम्ह समाजसेवी

**सुशील बीरसिंह कंसाकार**

आकाभ्काकां. मदुगुलिं निर्वाण कामना यासें वय् कःया गुणानुस्मरण यासे दुनुगलं निसें श्रद्धाया स्वाँ देछाना च्वना ।

## दिवंगत सुशील बीरसिंह कंसाकार

*( बूगु दिं : ने.सं. १०८२ – मदुगु दिं : ने.सं. ११४१ तछलाथ्व ६ )*

*तिरी मय्जु*
**लीना कंसाकार**

*काय् :*
**सुयोग्य बीरसिंह कंसाकार**

*दाजुपिं/पीभतपिं :*
**लोक बीरसिंह कंसाकार/सानु मैंया कंसाकार**
**जगत बीरसिंह कंसाकार/दीना कंसाकार**

*केहेंपिं/जिलाजं भाजुपिं :*
**अमला देबी स्थापित/महेन्द्र मान स्थापित**
**करुणा देबी बनिया/देबेन्द्र मानसिं बनिया**

*काय्चा/भौपिं :*
**सन्दिप बीरसिंह कंसाकार/रचना कंसाकार**
**प्रशन्न बीरसिंह कंसाकार/गुणवती कंसाकार**
**सुजित बीरसिंह कंसाकार/पूजा कंसाकार**
**दिबिज बीरसिंह कंसाकार**

*भिन्चापिं :*
**अस्मित मान स्थापित, दिपंकर मानसिं बनिया, सफल मानसिं बनिया, रिद्धिमा देबी स्थापित**

## सुशील वीर हे

**– जगत बीरसिंह कंसाकार**

महामानव गौत्तम बुद्धया जन्मभूमि नेपालय्
हानं छम्ह जन्म जुल कसाःतय्गु पुचलय्
खेलाडी, व्यापारी जुजुं जुल व छम्ह सक्षम पत्रकारया ख्येलय्
कलेजया जर्नालिज्मय् स्नातक याय् धुंकाः कोब्वात व इनापय्
नेवाः मात्रया भलो व भरोसा जुयाः पलाः न्ह्याकल विश्वभूमी
महशूर व शूराम्ह पत्रकार धांधां जुया वल व छम्ह सम्पादक हे
मांबौया सेवा यायां थुइका हल वं गृहस्थशील नं
बुद्धया वचन न्यँ न्यँ वाःचाल वं समाधि शील नं
सत्व प्राणीपिन्त सेवाया भावना दनावल वया नुगः सुगन्धशीलं नं
थःत नुगलय् स्याकूपिं व घाःलाकूपिं दक्वसितं क्यन सहनशील नं
समाजया न्ह्यःने छम्ह प्रखरम्ह सेवक गुणं जाम्ह शालिनशील नं
दाजुकिजा, पासापिनि पुचःया दथुई लोकंह्वाःम्ह व शूरवीरशील हे
एक चित एक मनं प्रार्थना याय्सःम्ह व
बाँमलाःगु ज्या यात धाःसा खबरदारी याइम्ह व
जनजनया सेवा सुसाःकुसाः विचाः यायां न्ह्योने दं वई व छम्ह
स्वास्थ्य व कानूनी सम्बन्धि ज्ञांता जुयाः ग्वहाली याःजुई व छम्ह
सुइतं न्ह्यागु हे संकट वःसां एम्बुलेन्स स्वयाः न्हापा थ्यों व छम्ह
तःम्हसिगु ज्यान बचे यांयां थौं थःगु हे ज्यान पानां वंम्ह सुशील वीर हे

# साधुवाद !



**दिवंगत रत्नदेवी मानन्धर**

*बुन्हि : बि.सं. १९८७ आश्विन ४ त्रयोदशी, शनिबार*
*मदुगु न्हि : बि.सं. २०६९ ज्येष्ठ २ गते, दशमी, मङ्गलबार*



**दिवंगत देवनारायण मानन्धर**

*बुन्हि : १९८३ कार्तिक ३ गते, श्रीघः पुन्हि, मङ्गलवार*
*मदुगु न्हि : बि.सं. २०५६ श्रावण ३० गते चतुर्थी, आइतबार*

धर्मकीर्ति पत्रिका वर्ष ३९ अङ्क ५ को रंगीन कभर पेज **"देव, रत्न मानन्धर कोष"** बाट धर्मदान गरिएको छ । धर्मदान गरी संचय गरिएको पुण्यशक्तिले दिवंगत हुनुभएका उपासक देवनारायण मानन्धर र उपासिका रत्नदेवी मानन्धर लगायत सम्पूर्ण पितृजनहरूको सुगति एवं निर्वाण कामना गरी पुण्यानुमोदन गरिएको छ । साथै **"देव, रत्न मानन्धर कोष"** का दाता सपरिवारको आयु आरोग्य एवं निरोगी कामना गर्दै उहाँहरूले बुद्ध शिक्षालाई अभ्यास गर्दै जीवन सफल पार्न सकुन् भन्ने कामना गरी धर्मदानको लागि साधुवाद व्यक्त गरिएको छ ।

**धर्मकीर्ति पत्रिका परिवार**

**धर्मकीर्ति विहार**

श्रीघः नघः, काठमाडौं

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०७८/०७९)

# भिक्षुणी धम्मवती गुरूमांको ८८ औ शुभजन्मोत्त्सवमा साप्ताहिक अभिधर्म पाठको दृश्यहरू-२



पट्ठान पाठ गर्नुहुँदै भिक्षु संघ



मङ्गल पाठ गर्नुहुँदै बज्रयानी गुरुजुहरू



मङ्गल पाठ गर्नुहुँदै महायानी गुरुहरू



मङ्गल पाठ गर्नुहुँदै बज्रयानी गुरुमांजुहरू

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com